Jana Aakash
National Weekly
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- ३३, २०७९ साल चैत्र ७ गते मंगलबार (March 21, 2023)
www.janaakash.com.np

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# अस्थिर राजनीतिले देशको अर्थतन्त्रमा असर

काठमाडौं । नेपालमा भइरेको राजनीतिक अस्थिरताका कारण देशमा आर्थिक संकट उत्पन्न भईरहेको छ । नेपालमा २०७२ सालमा गणतान्त्रिक संविधान जारी भईसकेपछि आवद्यिक निर्वाचन दुईपटक भईसकेका छन् । पछिल्लो २०७९ बैशाख १० गते को स्थानीय निर्वाचनमा नेकपा माओवादी केन्द्र र नेपाली काँग्रेस एकीकृत समाजवादी लगायत सत्ता गठबन्धन तालमेलमा निर्वाचनमा भाग लिएको थियो । त्यसैगरी प्रदेश र प्रतिनिधिसभा सदस्यको लागि भएको २०७९ मंसिर २१ गते भएको निर्वाचनमा पनि त्यसैगरी सत्ता गठबन्धन निर्वाचनमा तालमेल (मिलीजुली) निर्वाचनमा गएका थिए ।

यसरी हेर्दा पुरानै सरकारले निरन्तरता पाउने आकलन आम जनताले गरेका थिए । जसमा नेपाली काँग्रेस, पहिलो पार्टीको रुपमा निर्वाचित भएको थियो भने दोस्रोमा एमाले, तेस्रोमा नेकपा माओवादी केन्द्र रहेको थियो चौथोमा राष्ट्रिय प्रजातन्त्र पार्टी अन्य दलहरु आशिंक रुपमा राष्ट्रिय पार्टीको रुपमा आएका थिए जस्तै स्वतन्त्र पार्टी, जनमत पार्टी,नागरिक उन्मुक्ति पार्टी, जनता समाजवादी पार्टी राष्ट्रिय पार्टीको मान्यता पाएर सदनमा उपस्थित छन् ।

यिनै मध्य विश्वासको मत लिएर मंरिको २१ गते भएको आम निर्वाचनपछि नेपाली काँग्रेसले देशको नेतृत्व गर्ने सवैले आकलन गरिएको थियो तर एकाएक समिकरण परिवर्तन भयो र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) नेकपा एमाले र स्वतन्त्र पार्टीको समर्थनमा प्रधानमन्त्री भएका छन् । यिनै तिन तहको निर्वाचन अगावै नेपालको ढुकुटीमा अर्थात राष्टू बैकका विदेशी मुद्रा सञ्चीति कम भएको भनेर विलासिताका सामानहरु ल्याउन रोक लगाइएको थियो । त्यतिवेला नेकपा माओवादी केन्द्रका संसद जनार्दन शर्मा अर्थमन्त्री थिए । केही समयपछि अर्थतन्त्र सुधारिएको भनेर भनिएपनि राजनीतिक अस्थिरता पुनः बढेर जादा आर्थिक संकट झनै चर्केर गएको छ ।




राष्टूपति, उपराष्टूपति छान्ने बिषयमा सरकार पक्षधर अर्थात सरकारमा सहभागी दलहरु नेकपा एमाले र नेकपा माआवादी केन्द्र वीच समिकरण भत्किएको छ । पुनः माओवादी केन्द्र, नेपाली काँग्रेस,जनता समाजवादी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी सरकारमा सहभागी हुन यि दलहरुले भित्री सहमति गरिसकेका छन् । चाडै सरकारमा कु मन्त्रालय सगाल्ने भन्ने तयारीमा रहेका छन् । नेकपा माओवादी केन्द्रले संगालेका वाहेक अन्य पार्टीले संगालेका मन्त्रालयहरु सवै खाली अवस्थामा रहेका छन् । यस्तो संक्रमणकालीन अवस्था धेरै रहदा देशमा अविश्वास बढ्ने र आर्थिक क्षेत्रमा दुरगामी असर पर्ने अर्थ विज्ञहरुको भनाई सार्वजनिक भइरहेका छन् । नेपाल श्रीलंकाको बाटोमा गईहरेको चिन्ता व्यक्त हुन थालेका छन् ।

देशमा राजनीतिक अस्थिरता जति धेरै बढ्छ त्यतिनै मात्रमा आर्थिक संकट र देश व्यापार घाटा बढी व्यहोर्न बाध्य हुन्छ । जतिवेला माओवादीले जनयुद्ध गर्दै गरेको वेलामा नेपालको उत्पादन कुनैपनि देशमा निऱ्यात गर्न नसकेर देशले ठुलो आर्थिक क्षति व्यहोर्नु परेको थियो ।

अहिले माओवादी सरकारमा रहदा पनि राजनीतिक अस्थिरताका कारण नै देशमा ठुलो आर्थिक संकट उत्पन्न भएको छ । यस्ता राजनीतिक अस्थिरता देशमा धेरै समय राखिनु हुन्न । खाली रहेका मन्त्रालयहरुमा चाडै पदपुर्ति गरेर देशमा चुलिदै गएको आर्थिक संकटवाट जनतालाई राहात दिन सरकार जिम्मेवार भएको लाग्नुपर्ने देखिन्छ ।

हुनत भारतको ईसारामा भएका क्रान्तिहरुले नेपालमा सरकार बनाउने गरेका छन् । बाँकी ६ पृष्ठमा

# उपराष्ट्रपति यादवबाट शपथ ग्रहण

काठमाडौं । नवनिर्वाचित उपराष्टूपति रामसहायप्रसाद यादवले पद तथा गोपनीयताको शपथ लिनुभएको छ । राष्टूपति रामचन्द्र पौडेलसमक्षयादवले राष्टूपति भवन शीतल निवासमा आयोजितविशेष समारोहमाशपथ लिनुभएको हो । यादव यही चैत ३ मा उपराष्टूपति पदमा निर्वाचित हुनु भएको थियो । निर्वाचनमा यादवले ३० हजार ३२८



मतभार प्राप्त गर्नु भएको थियो । समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', सभामुख देवराज घिमिरे, राष्टिूयसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की,पूर्वराष्टूपति डा रामवरण यादव, निवर्तमान उपराष्टूपति नन्दबहादुरपुन, पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, माधव नेपाल र मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीलगायत सहभागी हुनुहुन्थ्यो ।

यसैगरी समारोहमा उपप्रधानमन्त्री, मन्त्रिगण, सांसद, संवैधानिक निकायका प्रमुखहरू, सरकारका विशिष्ट श्रेणीका कर्मचारी, सुरक्षा निकायका प्रमुखहरू, नेपालस्थित कूटनीतिक नियोगका प्रतिनिधि, विभिन्न राजनीतिक दलका नेताहरू, सञ्चारकर्मीलगायतको उपस्थिति थियो । निवर्तमान उपराष्टूपति नन्दबहादुर पुनको कार्यकाल यही चैत ३ मा सकिएको छ ।

# प्रधानमन्त्री प्रचण्डको पक्षमा १७२ र विपक्षमा ८९ सांसदको मत

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रतिनिधि सभामा विश्वासको मत पाएका छन् । सोमबार



प्रधानमन्त्री ले आफूलाई प्रतिनिधि सभाको विश्वास छ भनी राखेको प्रस्तावको पक्षमा १७२ सांसदले समर्थन जनाए । ८९ सांसदले उक्त प्रस्तावको विपक्षमा मत दिए । १ जनाले मत दिएनन् । मतदानमा २६२ सांसदले भाग लिएका थिए ।


१० पुसमा नेकपा एमाले सहितका दलको समर्थनमा प्रधानमन्त्री भएपछि २६ पुसमा विश्वासको मत लिएका प्रधानमन्त्री प्रचण्डले राष्टूपति निर्वाचनमा नेपाली कांग्रेससँग गठबन्धन गरेपछि एमाले र राप्रपाले समर्थन फिर्ता लिएका थिए । सरकारलाई समर्थन दिएका दलले समर्थन फिर्ता लिएपछि प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था रहेका कारण प्रधानमन्त्रीले साढे दुई महिनाभित्रै दोस्रो पटक विश्वासको मत लिनुपरेको हो ।

सोमबार प्रतिनिधि सभामा प्रधानमन्त्री लाई नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्टिूय जनमोर्चाका सांसद र स्वतन्त्र सांसदहरु प्रभु साह, अमरेशकुमार सिंहलगायतले विश्वासको मत दिए ।

नेकपा एमाले, राप्रपा र नेपाल मजदुर किसान पार्टीका सांसदले प्रधानमन्त्रीको विश्वासको मतको विपक्षमा मतदान गरे ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफूलाई वैशाखसम्म सरकारबाट हटिसक्ने दाबी गरेको बताउनुभएको छ ।

सोमवार प्रतिनिधि सभाको बैठकमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री प्रचण्डले एमाले अध्यक्ष ओलीले वैशाखसम्ममा आफू नेकपा एमालेसँगै राष्ट्रपतिको बायापट्टी लबीमा आइपुग्ने दाबी गरेको उल्लेख गर्दै त्यसको निर्णयको जिम्मा सांसदहरूलाई छोडेको बताउनुभयो । उहाँले ओलीको भनाइलाई पुष्टि गर्ने वा नगर्ने भन्ने बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# मलको भाउ वृद्धि गरेर त्रास बढाउनुभन्दा मल कारखाना खोलौं

यति बेला सरकारले मलको भाउ बढाएको छ । युरिया मल किलोमा ११ रुपैयाँ, डीएपी किलोमा ७ रुपैयाँ र पोटास किलोमा ८ रुपैयाँले महँगो भएको छ । नयाँ मुल्य युरिया प्रतिकिलो २५ रुपैयाँ, डीएपी ५० रुपैयाँ र पोटास ४० रुपैयाँ कायम भएको छ । भुगोलको आधारमा दुवानी भाडा अनुसार फरक पर्नसक्ने छ भनि कृषि मन्त्रालयले जारी गरेको बिज्ञप्तिमा उल्लेख छ ।

नेपाल कृषि प्रधान देश भनेर रटाई रटाई पढाउने र कृषकले चाहेका वेलामा मल नपाउने, वीउ नपाउने उत्पादन गरेको कृषि उत्पादनको भाउ नपाउने बीचौलिया चै रातारात मालमाल हुने चलन आजको होइन । बशौबर्षको समस्या हुदै आएको छ ।

नेपालमा खेती हुने समयमा किसानले मल नपाएर हाहाकार भई किसानहरु तनावमा बिताउने गरेका छन् । समयमा मल खरिद गर्न नसक्ने सरकार कहिले बङगलादेशले मल दिएन भन्छ । कहिले भारतमा अड्कियो भन्छ । ठेक्का खोल्दा प्रधानमन्त्रीका घरवेटीहरुले ठेक्का नपाउदा मलको विषयमा विवाद निकालेर सवै काम ठप्प हुन्छ । यस्तो विदारक पीडा किसानले ब्यहोर्दै आएका छन् ।

किसानले समयमा मल पाउछौ भनेर सरकारले भनेपनि अर्काको देशवाट किनेर लिएर आउने सामानको ग्यारेण्टी हुदैन । जवसम्म आफ्नै देशमा आफ्नै मल कारखाना खोलिदैन । मलको अभाव र तनाव कम हुने देखिदैन । त्सैले नेपालमा आफ्नै मल कारखाना स्थापना गर्ने गृहकार्य केही समय अगाडी भएको थियो । सार्वजानिक स्थलमा नै डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुदा "१०० मेगावाट विद्युतले पुग्दो रहेछ । त्यसैले मल कारखाना खोलौं" भनेर भनेका थिए । तयासपछि समितिहरु बनेका थिए । ति समितिहरुले प्रतिवेदन पनि तयार गरेका छन् । कार्यविधि पनि बनेको छ । तर कार्यन्वयन हुन सकेको छैन ।

त्यो कार्यविधिलाई कार्यन्वयनमा ल्याउन नेपालमा रासायनिक मल कारखाना स्थापना गर्न वर्तमान सरकारले ध्यान देओस र चाडै रासायनिक मल कारखाना खोलेर नेपालका किसानहलाई जहिले पनि खेती लगाउने सिजनमा तनाव ब्यहोर्नुपर्ने चलनको अन्त्य गरोस् ।

यति एउटा काम मात्र यो सरकारको कार्यकालमा गर्न सक्यो भने नेपाललाई सुजरल्याण्ड जस्तो बनाउछु भनेर भाषण गरिरहनै पर्दैन । नेपाल नेपालै जस्तो रहन्छ । विकसित नेपाल आधुनिक नेपाल र नेपालले बार्षिक खरबौ रुपैयाको खाद्यन्न आयात गरेर खानुपर्ने भएको छ । त्यो अन्त्य भएर मल कारखाना नेपालमा हुने हो र उर्वर क्षेत्रहरुमा सिचाईको राम्रो ब्यवस्थापन गरिदिने हो भने नेपालले खाद्यन्न निर्यात गरेर नेपाल धनि बन्न सक्छ । नेपाल बनाउन हजारौ काम गर्नुपर्दैन एउटा काम परिणाम आउने गरी गरेपुग्छ ।

२०७८ मंसिर ८ गते सार्वजानिक गरेको राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार जम्मा नेपालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ ।त्यस मध्य विदेशमा झण्डै ५० लाँख जनसंख्या काम गर्न विदेश गएका छन् । बाकी रहेका लगभग साढे २ करोड जनसंख्यालाई ब्यवस्थापन गर्न कति पनि गारो विषय होइन । अर्को कुरा नेपालका नेपालीहरु कुनैपनि देशका जस्ता अल्छि नागरिक छैनन् । मेहेनत असाध्यै गर्छन । कर्ममा विश्वास गर्छन ।

मात्र सरकारले वातावरण बनाईदिने हो भने नेपालको भविष्य नेपाली जनताले बनाउछन् । सरकारले त केवल नीति बनाउने र कार्यन्वयन गर्ने मात्र हो । त्यस कारण कृषि प्रधान देशमा एउटा मल कारखाना स्थापना गर्न जुनसुकै चुनौति ब्यहोरेर भएपनि काम थाल्नु सरकारको दाइत्व र कर्तब्य हो । यो काम चाडै थालिहालोस् ।

# परीक्षा प्रणालीमा थुप्रै सुधार गर्नुपर्नेछ

प्रा.डा. धर्मकान्त बास्कोटा

क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) आवश्यक पर्नुमा केही कारणहरु छन् । त्रिभुवन विश्व विद्यालयमा स्ववियुको चुनाव नभएको अहिले १४ वर्ष भइसक्यो । त्रिविको ऐन नियमले त्रिविका जति सरोकार समूहहरु छन् ती मध्ये विद्यार्थीहरु प्रमुख सरोकार समूहमा पर्दछन् । हाम्रा हरेक ऐन नियमले उनीहरुको नेतृत्वको परिकल्पना गरेको छ, सहभागिताको परिकल्पना गरेको छ । सबैभन्दा ठूलो भनेको त्रिविको सिनेट अर्थात् विश्वविद्यालय सभामा पनि स्ववियुबाट दुई जना प्रतिनिधित्वको परिकल्पना गरिएको छ । त्रिविका जति क्याम्पसहरु छन् त्यहाँको व्यवस्थापन समूहमा पनि विद्यार्थीको नेतृत्वको परिकल्पना गरेको छ । विगत १४ वर्षदेखि नीतिगत छलफल गर्ने ती समितिहरु विद्यार्थीको प्रतिनिधित्वविहीन छन् । यसो हुँदा विद्यार्थीको के समस्या छ भन्ने कुरा सोझै आधिकारिक संस्थामार्फत् आउन सकिरहेको छैन । यसकारण नियम, कानुनले नै विद्यार्थी नेतृत्वको प्रतिनिधित्व नभएको र १४ वर्ष अगाडि भएको स्ववियु नेतृत्व नै अहिले पनि आधिकारिक भनिरहेको स्थितिमा अहिले उनीहरु पक्कै पनि पठनपाठनमा नरहेको र अहिले पठनपाठनमा रहेका विद्यार्थीको पीरमर्का पुरानो नेतृत्वबाट आउन सक्दैन त्यसकारण पनि नयाँ नेतृत्वको आवश्यकता परेको हो ।

अर्को भनेको नेतृत्व जति पुरानो हुँदै जान्छ ऊ विद्यार्थी समूहबाट अलग हुँदै जान्छ विद्यार्थी समूहको नाममा अवाञ्छित गतिविधि बढ्दै जान्छ । यसकारण पनि अहिले पढिरहेका विद्यार्थीको नेतृत्वको आवश्यकता परेको हो । अहिलेको राष्टूपति, पूर्व राष्टूपति, पूर्व प्रधानमन्त्री र वर्तमान प्रधानमन्त्री सबै त्रिविको विद्यार्थी राजनीतिबाट आउनु भएको हो । अहिले संस्थागत नेतृत्व नहुँदा २३ वटा विद्यार्थी सङ्गठन दर्ता भएका छन् । र, कुनै एउटा विद्यार्थी सङ्गठनले माग राख्दा त्यहाँ २३ वटा सङ्गठनको लाइन लाग्छ र हामीलाई झेल्न एकदमै गाह्रो हुन्छ । यदि स्ववियु भयो भने सबैलाई छलफल गरेर आधिकारिकरुपमा आउ भन्न पाइन्छ त्यसकारण पनि स्ववियु चुनावको आवश्यकता परेको छ । अहिले स्ववियु नेतृत्वको लागि २८ वर्षको उमेर हदको परिकल्पना गरिएको छ । र, २८ वर्ष काटिसक्दा विद्यार्थी जीवन सकिसकेको हुन्छ, एमफील, पीएचडी बाहेक । विद्यार्थी जीवन कटिसक्दा विद्यार्थी नै नभएको मान्छेले विद्यार्थीको समस्या लिएर आउन सक्दैन । शैक्षिक गुणस्तर सुधार, भौतिक पूर्वाधार उन्नयनको लागि र अनुसन्धानको लागि विद्यार्थी सहभागी गराउँदा त्यो समूहलाई संलग्न गराउन सकिँदैन । अर्को भनेको धेरै सङ्गठन हुँदा सबै सङ्गठनलाई समय दिनुपर्दा हाम्रो धेरै रचनात्मक समय गुणस्तर सुधार तथा अरु काममा लगाउन सकिँदैन । त्यो सबैभन्दा ठूलो व्यवधान हो ।

स्ववियु नहुँदा विभिन्न विद्यार्थी सङ्गठनहरु अवाञ्छित गतिविधिमा लागे । साँच्चिकै विद्यार्थीहरु भने तालाबन्दी, हडताल बन्दमा लाग्दैनन् त्यसकारण उनीहरु छायाँमा परे । १४ वर्ष अगाडिका विद्यार्थी नेतृत्व जो अहिले विद्यार्थी छैनन् उनीहरुले आफ्नो स्वार्थ बमोजिम विभिन्न मागहरु राख्न थाले । जसरी राजनीतिक पार्टीहरु गुटबन्दीको सिकार भएका छन् विद्यार्थीहरु पनि त्यस्तै गरी गुटबन्दीमा लागे । विद्यार्थीमा समझदारी नभएर गुटबन्दीका कारण धेरै राजनीति भयो । र, अर्को भनेको पुरानो राजनीति गरिरहेका विद्यार्थीको गतिविधिले गर्दा विद्यार्थीहरु राजनीति गर्छन् काम गर्दैनन्, केही काम छैन भन्ने सन्देश समाजमा परेको हो । २८ वर्षमुनिका साँच्चै पढ्ने विद्यार्थीहरु भने यस्ता गतिविधिमा संलग्न भएको पाइएको छैन । अब आउने स्ववियु नेतृत्वबाट साँच्चिकै विद्यार्थीका लागि पठनपाठनमा के समस्या छ, गुणस्तरमा के समस्या छ, भौतिक पूर्वाधारमा के कमी भएको छ भन्ने थाहा हुन्छ । धेरै क्याम्पसमा हाम्रो ध्यान नपुग्न सक्छ र त्यस्ता क्याम्पसमा कहाँ के समस्या छ, ल्याबहरु पुगेका छैनन्, पूर्वाधारका यति ठाउँमा पुगेका छैनन् भन्ने कुरा स्ववियुले हामी समक्ष पुर्याउन सक्छन् । हामीले क्याम्पससँग सूचना माग्दा पनि सही सूचना नदिन सक्छ तर, पढ्ने विद्यार्थीले भने सही सूचना दिनसक्छन् । नीति निर्माण गर्नका लागि पनि भोलिका दिनमा त्यहाँ कहाँ के कुराको कमी छ त्यसलाई सुधार गरेर शैक्षिक गुणस्तर सुधार गर्नमा विद्यार्थीहरुको ठूलो मद्दत हुन्छ ।

### त्रिवि सुधार अभियान

त्रिविमा समस्या त धेरै छन् । तर, तीन वर्षभन्दा लामो समय नेतृत्वमा बसेर काम गर्दा नियुक्ति भएको २५औं दिन विश्वविद्यालय सभामार्फत् त्रिवि सुधार अभियान भनेर एउटा घोषणापत्र जारी गरेको थिएँ । मैले जे जे समस्या देखेँ त्यसको सुधारको लागि नै अवधारणहरु अगाडि राखेको थिएँ । अहिले पनि त्रिविलाई तिनै समस्याले ग्रस्त तुल्याएको छ । भौतिक पूर्वाधारको कमी र भएकालाई पनि भूकम्पले क्षतविक्षत तुल्याएको अवस्थामा त्यसमै पठनपाठन अगाडि बढाउनु परेको छ । एक्जीम बैंकमार्फत् पाँच वर्ष अगाडि पुन:संरचना हुन्छ भन्ने प्रतिबद्धता अहिलेसम्म पूरा भएको छैन ।

अर्को भनेको अनुसन्धानको कमी छ । विश्वविद्यालयको काम भनेको पठनपाठन मात्र नभएर अनुसन्धान तथा आविष्कार गर्ने पनि हो । स्रोतको कमीले हामीले शिक्षकलाई अनुसन्धानमा लगाउन सकेका छैनौँ । अनुसन्धानमा संलग्न भयो भने मात्र शिक्षकको व्यक्तिगत र शैक्षिक गुणस्तरमा वृद्धि हुँदै जान्छ । धेरै लामो समयदेखि काम गरेका शिक्षकहरुको क्षमता अभिवृद्धि निरन्तर गरिरहनु पर्नेछ । सूचना प्रविधिको युग भएको हुनाले अहिले सूचना प्रविधि तथा अनुसन्धानमूलक विश्वविद्यालय बनाउनु पर्नेछ । परीक्षा प्रणालीमा थुप्रै सुधार गर्नुपर्नेछ ।

देश सङ्घीयतामा गएको कारण त्रिविको पनि पुन:संरचना गर्नुपर्नेछ । सङ्घीयताको मर्म अनुरुप सातै प्रदेशमा त्रिविको उपस्थिति रहनेगरी अगाडि बढाउनु पर्नेछ । २०५० सालका नियम कानुनलाई समयसापेक्ष परिमार्जन गर्नुपर्नेछ । त्रिविको थुप्रै भौतिक सम्पत्तिको पहिचान, नियमन तथा तिनीहरुको उपयोग गर्नुछ । संसारभर फैलिएका त्रिविको अल्मुनाइको ज्ञान, सीप र सहयोगको कसरी उपयोग गर्ने भन्ने पनि बनाउनुछ । यस्ता काममा लाग्नुपर्नेमा पुरानो विद्यार्थीहरु जसको त्रिविमा कुनै उपस्थिति छैन उनीहरु अहिले पनि विद्यार्थीको आवरणमा आएर आफ्ना स्वार्थअनुरुपको काम गराउन खोज्छन् । उनीहरु भनेका राजनीतिक दलका भ्रातृ सङ्गठन नै हुन् । त्रिविमा शिक्षक, विद्यार्थी, कर्मचारीको प्रवेश क्षमता र योग्यताको आधारमा हुनुपर्छ । राजनीतिक भागबण्डा र पहुँचको आधारमा हुनुहुँदैन । २०६२/०६३ सालमा अस्थायी काम गरिरहेका शिक्षकलाई करारमा लैजानका लागि रत्नपार्कमा अनशन बसेको भरमा झण्डै नौ सय शिक्षक भित्र्याइयो । क्षमता र योग्यताको आधारमा शिक्षक भित्र्याइयो भने मात्र विश्वविद्यालय शिक्षाको गुणस्तर आउँछ । त्रिविमा भएको विकृति सुधार गर्नका लागि हामीले नियुक्तिका मापदण्ड बनायौँ । जसमा विभागीय नियुक्ति, क्याम्पस प्रमुखको नियुक्ति, डीनहरुको नियुक्ति, निर्देशकहरुको नियुक्ति यो यो मापदण्डको आधारमा गर्ने भनेर हामीले मापदण्ड बनायौँ । मापदण्ड बनाएर केन्द्रीय विभागमा लागू पनि गर्यौं । वरिष्ठताका आधारमा नियुक्ति गर्नेभन्दा त्यसमा नै धेरै लफडा पर्यो । त्यसैलाई आधार देखाएर जो शिक्षक तथा विद्यार्थी राजनीतिबाट प्रेरित थिए उनीहरुले लामो समयसम्म तालाबन्दी गरे । शिक्षकमाथि आक्रमण भयो मरणासन्न हुनेगरी कुटिए, सुरक्षाको प्रत्याभूति दिन सकिएन । यसमाथि जस्ले राजनीति गर्यो उनीहरुका पछाडि कहीँ न कहीँ राजनीतिक शक्तिको हात छ । जबसम्म राजनीतिक शक्तिको हात रहिरहन्छ र क्षमता र योग्यताले स्थान पाउँदैन र विकृति रहिरहन्छ । यिनै विकृति हटाउन हामीले मापदण्डका आधारमा नियुक्ति गरौँ भन्दा तीन वर्ष नाघिसक्दा मैले तीन सय ४२ दिन तालाबन्दी खेप्नु पर्यो । यसको पछाडि अरु कुनै कारण छैन । अमूक राजनीतिक दलको विद्यार्थी सङ्गठन, शिक्षक सङ्गठनले भनेको व्यक्ति यसले भनेको ठाउँमा नियुक्ति गर्नपर्छ भनेर नगर्दाको परिणाम हो ।

### सुधारको परिणाम

हामीले सुरु गरेको सुधारका पहल कतिपय देखिइसकेका छन् । कतिपय देख्न पाइन्छ । त्रिविमा एघार सय २४ क्याम्पस दर्ता भएका छन् । अब एउटा विश्वविद्यालयले ११ सय २४ क्याम्पसलाई अनुगमन गर्न सक्छ कि सक्दैन होला ? त्यसैले त्रिविलाई सङ्घीयता अनुरुप पुन:संरचना गर्नुपर्छ भन्ने काम हामीले अढाइ वर्ष अगाडि नै सबै काम गरेर राखेको अवस्था हो । नियमहरुमा यो यो सुधार गर्नुपर्छ भनेर नौ महिनासम्म अभ्यास गरेर राखेको अवस्था हो । यसलाई कार्यान्वयन गर्नका लागि हामीले नियम कानुन्मा सुधार गर्नुपर्ने हुन्छ जुन हाम्रो अधिकार क्षेत्रभन्दा बाहिरको कुरा हो । सुधारमा ढिलाइ हुनुको एउटा कारण यो पनि हो ।

त्रिविलाई सूचना प्रविधियुक्त बनाउनुपर्छ भनेर पनि हामी लागेका छौँ । हाम्रा धेरै क्याम्पसहरु नवीकरण भएका छैनन् । २०५८ सालदेखि हाम्रो अभिलेखमा क्याम्पस छ तर नवीकरण भएको छैन । त्यो सबै हामीले उतारेका छौँ । कोभिडले हामीलाई काममा निकै बाधा पुर्यायो । स्थलगत अध्ययनमा जान सकिएन । तर, हाम्रा सबै काम पूरा भएका छन् । हाम्रा एक/डेढ सय क्याम्पस कतै झोलामा छन् कि भन्ने छ । अबको दुई हप्तामा हाम्रा ११ सय २४ क्याम्पसमा कति नवीकरण भए र कति झोलामा छन् भन्ने कुरा वेबसाइटमा हेर्न पाइनेछ ।

आन्तरिक सुधारका पनि हामीले थुप्रै काम गरेका छौँ । भौतिक संरचनाको कुरा गर्दा पनि हामीले थालनी गरिसकेको अवस्था छ । भौतिक संरचनामा हामीलाई एउटै अप्ठेरो के भने करिब करिब १४ देखि १६ अर्बको योजना छ । एक्जीम बैंकबाट यो काम हुन्छ भनेपछि अन्य सहयोग जुटाउनतिर सरकार लागेन । अनुसन्धानमा म जाँदा दुई करोड थियो भने अहिले हामीले बढाएर सरकारसँग १० करोड रुपैयाँ लिएका छौँ र अनुसन्धानको बजेट बढाएर ३८ करोड पुर्याएका छौँ । पुस्तकालयको कुरा गर्दा हामीले डिजिटलाइज्ड गरेका छौँ । पहिले साढे चार लाख/पाँच लाख रिर्सोस भएकोमा अहिले साढे पाँच करोड रिर्सोस पुगेको छ । अनलाइन मार्फत् पहुँच दिइएको अवस्था छ । बौद्धिक चोरीका लागि एन्टी प्लेगारिज्म सफ्टवेयर जडान गरिएको छ । २२/२३ अर्ब रुपैयाँको बजेट भएको त्रिविको बेरुजु २८ अर्ब रुपैयाँ पुगेको अवस्था थियो । करिब करिब १५ अर्ब रुपैयाँको बेरुजु फछ्र्यौट भएर महालेखा परीक्षकमा बुझाइ सकिएको अवस्था छ । ७ अर्ब रुपैयाँको सम्परीक्षण पनि भइसक्यो र बाँकी केही कारणले गर्दा रहेको अवस्था छ । आर्थिक सुशासन कायम गर्न हामीले निर्देशिका जारी गरेर सबैतिर लगाइ सकेका छौँ ।

शिक्षक र कर्मचारीको क्षमता अभिवृद्धिका लागि हामीले थुप्रै तालिम चलाएका छौँ । कोभिडको बेलामा हाम्रा शिक्षक, विद्यार्थी तथा कर्मचारी प्रविधिमैत्री थिएनन् । त्यो अवधिमा झण्डै छ हजार शिक्षकहरुलाई हामीले छ महिनामा तालिम दियौँ । पाँच सय कर्मचारीलाई पनि प्रविधिमैत्री तालिम दिने काम गरियो । त्यसपछि क्षमता अभिवृद्धिको तालिम सुरु गर्यौं । त्रिविमा प्रवेश गर्ने बित्तिकै शिक्षकहरु आफ्नो विषयमा पारङ्गत होलान् तर पढाउने कुरामा पारङ्गत नहुन सक्छन् भन्ने सोच लिएर नव प्रवेशी स्थायी शिक्षककोरुपमा आउँदा पहिलो हामीले प्यारागोजीको शिक्षण विधिको तालिम दिएर बजारमा पठाउने गरेका छौँ । तर, दुर्भाग्य के छ भने यी सबै गरेका कामहरु बाहिर कहिल्यै देखिँदैनन् ।

### चार अवधारणा

केवल विश्वविद्यालयबाट डिग्री हासिल गर्दैमा काम पाउने भन्ने चाहिँ हुँदैन । सरकारले त्यही हिसाबले रोजगारी सिर्जना गर्दै जानुपर्यो । कलकारखाना नयाँ खोल्दै जानुपर्यो । जबसम्म सरकारबाट यी पूर्वाधारहरु तयार हुँदैनन् तबसम्म रोजगारीको कुरा गाह्रो छ । हामीले त्रिविको नेतृत्वमा जाने बित्तिकै चारवटा अवधारणामा हाम्रा शैक्षिक कार्यक्रमहरु सञ्चालन हुनुपर्छ भनेर सुरु गरेका थियौँ । अब हामीले बजारमुखी शिक्षालाई बढी जोड दिनुपर्छ भनेर बजारमा जे कुराको माग छ त्यही अनुसारको पाठ्यक्रम तयार गरेर सुरु गर्ने भनेर भनिसकिएको छ । र, सुरु पनि भइसकेको छ ।

दोस्रो भनेको प्राविधिक शिक्षालाई विशेष जोड दिने रहेको छ । प्राविधिक शिक्षा बाहेक हामीले अरु कुनै विषयमा कार्यक्रम थपेका छैनौँ । प्राविधिक शिक्षा पायो भने स्वरोजगार हुने सम्भावना पनि हुन्छ । त्यस अर्थमा हामीले प्राविधिक शिक्षालाई जोड दिएका छौँ । अर्को भनेको सरकारलाई देश निर्माणका लागि कस्ता जनशक्ति आवश्यक हुन्छ सरकारले हामीलाई त्यो जानकारी गराएको खण्डमा त्यही अनुसारको पाठ्यक्रम तयार गरेर अगाडि बढ्छौँ भनेर भनिसकेका छौँ ।

कला, संस्कृति, भूगोल, इतिहास जस्ता देशलाई समृद्ध बनाउने जति पनि विषयवस्तु छन् तिनीहरुमा अनुसन्धान व्यापक बनाउनुपर्छ भनेर सरकारसँग बजेट लिएर अनुसन्धानको कार्यलाई अगाडि बढाएका छौँ । तर, २०७३ सालको सेवा आयोगको विभिन्न लफडाले गर्दा नयाँ विज्ञापन हुन नसकेको अवस्था छ । भर्ना भएकोमा पनि अदालतमा मुद्दा परेर विचाराधीन भएको हुँदा कर्मचारीहरु नियुक्त गर्न सकेका छैनौँ । त्रिविमा शिक्षक, कर्मचारीको ठूलो अभाव छ । विगत सात/आठ महिनादेखि सेवा आयोगको अध्यक्ष नै नेतृत्व विहीन छ । यस्ता कारणले कतिपय कुराहरु हामीले चाहेर पनि गर्न सकेका छैनौँ ।

शिक्षक, कर्मचारीको अभाव हुने बित्तिकै त्यसको प्रभाव पठनपाठनमा अनि परीक्षामा पनि पर्छ । परीक्षाको नतिजा ढिलो हुनुको पछाडि पनि यही कारण हो । यस्तो बेला आयो कि जतिखेर विज्ञानका सहायक डिन तथा महाशाखा प्रमुखको कोभिडका कारण निधन भयो त्यसपछि धेरै शिक्षक, कर्मचारीहरु कहाँबाट आएको कापी हो भनेर छुनै डराए । त्यसले गर्दा पनि नतिजामा ढिलाइ भयो । शिक्षकहरुको अभावका कारण पनि ढिलाइ भयो । विद्यार्थीहरु पनि प्रविधिमैत्री त्यति थिएनन् । परीक्षाको फर्म घरबाट भर्दा त्यहाँ धेरै बाँकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# हिमालको सान बचाउने चुनौती

प्रा. डा. हरि शर्मा

हालै सोलुखुम्बु जिल्लामा अवस्थित संसारकै लगभग सबैभन्दा अग्लो ठाउँ खुम्जुङमा त्यहाँकी एक जना महिला जनप्रतिनिधिले स्थानीय गाउँपालिकाको सहयोग र समन्वयमा १ सय १२ औं अन्तर्राष्ट्रिय नारी दिवस मनाउने क्रममा अहिलेका हाम्रा सांसदहरूमा पहिलोचोटि मुलुकको ह्रासोन्मुख पर्यापर्यटनबारे चर्चाको विषयलाई अघि सार्दै कृषि र जनस्वास्थ्यप्रति पनि चासो देखाउने काम गरिन् ।

नेपाली नारीहरूको सन्दर्भमा समाजमा व्याप्त नारीप्रति विभेदको भावना र त्यसबाट उत्पन्न अन्य अनेक हिंसाजन्य कथाहरूको पुनरावृत्ति हुनु स्वाभाविकै हो । तर, सोलुखुम्बुका नारीहरूको अदम्य साहस र सामाजिक, आर्थिक र अबका दिनमा आएर उनीहरूको राजनीतिक दृष्टिकोण पनि तीक्ष्ण बन्दै गइरहेको देखिन्छ । यो स्तुत्य छ । नेपालको पर्यटनलाई अघि बढाउने श्रेय गत ६० को दशकमा नेपाल आएर रमाउने पश्चिमी हिप्पी वर्गलाई नै जान्छ ।

त्यस बेलासम्मका पर्यटकीय गतिविधिहरू बिल्कुलै न्यून देखिन्छन्, यद्यपि विश्वकै पर्यटनको मानचित्रमा नेपाललाई अब्बल स्थानमा पुऱ्याउने अर्को श्रेय खुम्बुवासीलाई र सँगसँगै खुम्बुवासीहरूका प्रिय साहेब सर एडमन्ड हिलारीलाई नै जान्छ । त्यहाँका भूमि सन्तानहरूको सुखदुःख र मानवीय वेदना र संवेदनशीलतालाई युवा उपन्यासकार नयनराज पाण्डेले आफ्नो लोकप्रिय उपन्यास 'सल्लीपिर'मा यथार्थपरक र हृदयस्पर्शी ढंगले प्रस्तुत गरेका छन् । जे होस्, हाम्रो यस आलेखको उद्देश्य नेपालको पर्यटन क्षेत्रमा पर्यावरणको विद्यमान वर्तमान अवस्थालाई केलाउने रहेको छ ।

हिप्पीहरूको नेपालप्रतिको आकर्षण मुख्यतः यहाँको शान्तिपूर्ण वातावरण नै थियो । आधुनिकता र भौतिकवाद देखि टाढा रहेर जीवनलाई सहज रूपमा स्वतन्त्र ढंगले व्यतीत गर्न उनीहरूले नेपालका मठमन्दिर र विशेष गरी गुम्बाछेउछाउका ठाउँ रोजे, जसमा स्वयम्भूनाथ र बौद्धका स्तूप तथा पशुपतिनाथको क्षेत्र मृगस्थली थियो । तर, ती खर्च कम गर्ने र अरू मस्तीमा लीन रहने प्रवृत्तिका भएकाले तिनलाई यहाँका गाँजा व्यापारीबाहेक अन्य व्यवसायीहरूले तथा जिम्मेवार नागरिकले त्यति रुचाएनन् र ती बिस्तारै भारततर्फ फर्किए ।

अब रह्यो, नेपालको साहसिक पर्यटन, विशेष गरी आरोहण र पदयात्रा रुचाउने पश्चिमा पर्यटकहरूबारेको एउटा संक्षिप्त नालीबेली । तत्कालीन श्री ३ को निम्तोमा बेलायतबाट सिकार खेल्न धेरै नै अंग्रेज मूलका व्यक्तित्वहरू नेपाल आए, घुमे, सिकार खेले र गए । त्यसै क्रममा बिस्तारै विदेशी पर्वतारोहीहरू समूहमा पर्वतारोहणका लागि हिमालतर्फ जान थाले र हिमाच्छादित पर्वतराजहरूले मुलुकको आर्थिक गतिविधि उकास्ने क्रमलाई निरन्तरता दिँदै गए ।

विदेशी समूहहरूको धेरै प्रयासका बाबजुद पनि सन् १९५३, मे २९ सम्म विश्वको सर्वोच्च शिखर सगरमाथामा (अंग्रेजीमा माउन्ट एभरेस्ट र हिमाली भेग र त्यसपारिको भाषामा चोमोलुङ्मा) मानव पाइला पुग्न सकेको थिएन । सन् १९२२ तिर सगरमाथा आरोहणका क्रममा सात जना शेर्पाले हिमपहिरोको सिकार बनेर मृत्युवरण गर्नुपरेको थियो । ब्रिटिस आरोही मेलोरीका कथा पनि पढ्न त पाइन्छ, तर उनीबारे यथार्थ खुलिनसकेको हुनाले त्यता नजाऊँ ।

सन् १९५३ मा नेपालका तेन्जिङ नोर्गे र न्युजिल्यान्डका सर एडमन्ड पर्सिभल हिलारीले सफलतापूर्वक सगरमाथा आरोहण गरे र नेपालको पहिचान विश्वसामु अझै राम्रोसँग फैलियो । त्यस बेलासम्म नेपाल विदेशीहरूका लागि खुला भइसकेको थियो र विदेशीहरू पर्यटकका रूपमा फाट्टफुट्ट भारत हुँदै नेपाल आउन थालेका थिए । सन् १९६० को एउटा अभिलेखअनुसार सन् ६० मा झन्डै ६८ हजार पर्यटक नेपाल आएको बुझिन्छ । ७० को दशकको पूर्वार्द्धतिर पर्यटनको नियमनका लागि मन्त्रालय बन्यो । बिस्तारै पर्यटकहरूको नेपाल आगमनलाई हेर्दा सन् २०१९ मा ११ लाख ९७ हजार १ सय ९१ पर्यटक नेपाल आए र त्यो अहिलेसम्मकै सबैभन्दा ठूलो आँकडा हो ।

सन् ८० र ९० को दशक अस्थिर सरकार, चक्काजाम(हड्ताल र विभिन्न प्राकृतिक प्रकोपहरूका कारण पर्यटनले रुग्णता भोग्नुपऱ्यो । त्यसपछि पनि दसवर्षे द्वन्द्वकालले पर्यटनलाई उकासिन दिएन । मुलुक शान्ति प्रक्रियामा गइसकेपछि आशाका धेरै उज्याला किरण देखिए, तर सन् २०१५ को विनाशकारी महाभूकम्प र लगत्तै विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोनाले त मुलुकलाई शिथिल नै बनायो । यस वर्ष फेरि पर्यटनको बादलमा चाँदीका घेरा देखिन थालेको छ । गत जनवरीमा मात्रै ५५ हजार ७४ र फेब्रुअरीमा ७३ हजार २ सय ५५ पर्यटक नेपाल आएका छन् ।

यस वर्ष अन्यथा अरू केही नभए हाम्रो पर्यटन आगमनको आँकडाले अनुमानतः सन् २०१९ को आँकडा नाघ्ला कि भन्ने आशा गरिएको छ । हालै एउटा समाचार सुन्न पाइयो । सर्वोच्च शिखर चढ्नेहरूको संख्याले १३ हजार नाघ्यो रे । राजस्वका हिसाबले मुलुकलाई अवश्य लाभ भएको होला, हुनु पनि पर्छ । हिमालबाट उठेको रोयल्टी रकम स्थानीय पालिकाहरूलाई पर्यटन विकास गर्न दिइने सरकारी व्यवस्थाको पंक्तिकार स्वयं प्रसंशक हो । सगरमाथा आरोहणसम्बन्धी कतिपय रोचक तथ्य पाठकसमक्ष राख्ने अनुमति चाहन्छु ।

सन् १९७५ को मे ६ मा जापानी महिला आरोही जुन्को ताबेईले सगरमाथाको सफल आरोहण गरिसकेपछि सन् १९७८ मा अस्ट्रियाका पिटर हाब्लर र इटालीका रेन्होल्ड मेस्नर बिना अक्सिजन सर्वोच्च हिमचुचुरोमा टेक्न सफल भए । रमाइलो प्रसंग त के भने सन् १९८० मा पोल्यान्डका बेई लिक्कीले सन् १९९० को अक्टुबर ७ मा स्लोभानियाका जुगल जोडीसँगसँगै सगरमाथा चुमे । त्यसै दिन जिन नोयल रोस् (बुबा) र उनको १७ वर्षे छोरो रोस बर्टान्डले सँगसँगै आफ्नो सगरमाथा आरोहण पूरा गरे । सन् १९९२ मा एउटै परिवारका दाजुभाइले र सन् १९९३ मा नेपालकी पहिलो राष्ट्रिय विभूति पासाङ ल्हामु शेर्पाले ।

सन् १९९८ मा अमेरिकाबाट आएका पहिलो अशक्त आरोही थोमस हिटवेकरले, १९९९ मा नेपाली बाबुछिरी शेर्पाले १६ घण्टा ५६ मिनेटमा सगरमाथा चढेर रेकर्ड बनाए । सन् २००० मा (२१ औं शताब्दीकी पहिलो नेपाली महिला लाक्पा शेर्पाको सफल आरोहण पनि ऐतिहासिक नै हो । सन् २००१ मा दृष्टिविहीन विदेशी वैहन मेयर र नेपालकै १६ वर्षे कान्छा आरोही टेम्बा छिरिङको उपलब्धिलाई पनि बिर्सन सकिन्न । सन् २००२ मा तेस्रो नेपाली महिला आरोही पेम्बा डोल्मा शेर्पा र २००३ मा पत्रकार आङ छिरिङ शेर्पाले सगरमाथा चढेको पनि उल्लेख्य छ ।

त्यसै वर्ष लाक्पा गेलु शेर्पाले छोटो अवधिभित्रै सगरमाथा चढेर रेकर्ड कायम गरे । त्यसै वर्ष नेपाली तीन भाइ लाक्पा गेलु, दा. नुरु र जाङ्बु शेर्पाले माइनस कीर्तिमान कायम गरे । सन् २००४ मा पहिलाका सबै रेकर्ड तोड्दै पेम्बा दोर्जे शेर्पाले ८ घण्टा १० मिनेटमै सर्वोच्च शिखरमा टेक्न सफल भए । २००५ मा मोनी मुलेपति र प्रेम दोर्जेले सँगसँगै सगरमाथा चढेर त्यहीँ वैवाहिक बन्धनमा बाँधिए । अर्को रोचक कीर्तिमान माइनस ४० डिग्री सेन्टिग्रेडमा सगरमाथाको चुचुरोमा पुगेर माथिल्लो हरका लुगा फुकालेर तीन मिनेट त्यहीं बसेका थिए २५ वर्षे लाक्पा थार्के शेर्पा ।

सरमाथाको चुचुरोमा पुस्तक विमोचनको प्रसंग पनि उल्लेख्य छ । सन् २००७ मा अप्पा शेर्पा र लाक्पा शेर्पाले 'सगरमाथाको आधार शिविरबाट' र त्यसै वर्ष कामी शेर्पा, सोनाम शेर्पा, लाक्पा ग्याल्जे शेर्पा र दा छाम्बाले 'सेती पानी काली पानी' पुस्तकको विमोचन गरेका थिए । दुवै पुस्तकका लेखक प्रतीक ढकाल हुन् । त्यसै वर्ष पेमा थार्के शेर्पा (बुरा), पेमा बुकी शेर्पा (आमा) र आफ्ना सातवटै छोरासहित विश्वको सर्वोच्च शिखर चढेर कीर्तिमान कमाए । त्यसपछिका पनि धेरै रोचक प्रसंगहरू छन्, सोबारे पछि विस्तार गरौंला ।

जापानी महिला जुन्को ताबेईपछि सन् २०१९ सम्म देशविदेशका गरी ४ सय ७१ महिला र ६ हजार ५ सय ७ पुरुषले सगरमाथामा पाइला टेकेको इतिहास छ । सन् २००८ मै नेपाली ७७ वर्षे मीनबहादुर शेरचनको सफल आरोहण र त्यसै वर्ष अप्पा शेर्पाले १८ औं चोटि सफल आरोहण गरेको पनि उल्लेख्य छ । २००८ मेमै महिला समूहको सामूहिक सफल आरोहण, त्यसै वर्ष २२ मेकै दिन एकैचोटि १ सय ३५ जनाको उफ्फाले सगरमाथा चढेको थियो र त्यसै वर्ष त्यसै दिन अप्पा शेर्पाले १९ औं चोटि २०१० मा, बीसौं २०११ मा, एक्काइसौं चोटि कामीरिता शेर्पाले २०१८ र २०१९ मा गरेर आफ्नो २४ औं आरोहण पूरा गरेका थिए । सन् २०११ मा सचिव लीलामणि पौडेल नेतृत्वको सगरमाथा आरोहण दलको उपलब्धि पनि स्मरणीय छ । नेपालकै निर्मल पुर्जाले ६ वर्ष ६ महिनामा ८.हजार मिटरभन्दा माथिका १४ वटै शिखर चढ्न सफल भएको सन्दर्भ अत्यन्तै महत्वपूर्ण छ ।

देशको पर्यटन वर्तमान अपेक्षा गरिएअनुसार गतिशील छैन । नेपालको पर्यटनलाई प्रकृतिको पुरातन पछ्यौरीभित्र पनि मौलिक रूपमा फस्टाउन दिनुपर्छ । आकर्षण त्यहीँ छ । जैविक विविधतामा अद्वितीय ठहरिएको जडीबुटी र विभिन्न जातका रूखपातले भरिएको एवं उच्च हिमालहरूले ढकमक्क ढाकिएको नेपाललाई कृत्रिम रूपले अझ सुन्दर बनाउने नाना थरीका मानवीय प्रयास अनावश्यक हुन्, यिनले हामीलाई दिग्भ्रमित पार्न सक्छन् । भनिन्छ, अहिले मुलुकमा पर्यटन दशक मनाइँदै छ ।

यस दशकभित्र पर्यटनका आवश्यक भौतिक पूर्वाधारहरूको निर्माण गरिनुका साथै पर्यटनलाई राष्ट्रिय प्राथमिकतामा राखेर बाह्य तथा आन्तरिक पर्यटनको समुचित विकासका योजनाहरू सार्वजनिक गराइनु जरुरी छ । नेपाल भ्रमण वर्ष, १९९८ ताका नेपालको समग्र भूगोल र हिमालहरूबारेका विज्ञ स्व. हर्कबहादुर गुरुङसँगको ककनीमा भएको पाँचघण्टे वार्तालापले पंक्तिकारमा लुक्ला, नाम्चे र खुम्बु क्षेत्रहरूबारे र ती क्षेत्रको पर्यापर्यटनको सम्भाव्यताबारे कौतूहलता जन्मायो र नेपालका अन्य अथाह पर्यटकीय सम्भावनाहरूबारे विहंगम विचरण पनि गरायो ।

ओजोनको बढ्दो तापक्रमका कारण हिमालको हिउँ तीव्र रूपले पग्लिँदै गइरहेको सन्दर्भमा नेपाल सरकारले हाम्रो उत्तरी भेगको सम्पूर्ण पर्यावरणलाई सन्तुलित राख्दै त्यसको संरक्षण र प्रवर्द्धनमा जुट्ने अभियान अविलम्ब प्रारम्भ गर्नुपर्ने र तराईका वनजंगलहरूलाई सुरक्षित राख्नुपर्ने पर्यावरणविद्हरूको भनाइ छ ।

यसै आलेखमार्फत पर्यावरणको प्रवर्द्धन गर्दै सरकारलाई नेपालको पर्यटकीय स्वरूप विशेष गरी हिमालको सान हाम्रो सान अभिवृद्धि गर्न/गराउन, स्पष्ट कार्ययोजनाहरू अघि सार्न जोडदार माग अघि सारिन्छ ।

कारोवार

# आचारसंहिताको उल्लङ्घन गर्ने युट्युब च्यानललाई कारबाही गरिने

काठमाडौँ । प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिताको चरम उल्लङ्घन गर्ने ३५ वटा युट्युब च्यानललाई विशेष अनुगमनमा राखिएको जनाएको छ । काउन्सिलको आचारसंहिता अनुगमन उपसमितिको बैठकले विशेष निगरानीमा राखिएका ती युट्युब च्यानलका विषयवस्तु, त्यसमाथि परेका उजुरी, स्वअनुगमन समेत अध्ययन गरी १५ दिनभित्र प्रतिवेदन तयार गर्ने निर्णय गरेको हो । काउन्सिलले कुनै मिडियाअन्तर्गत आबद्ध नभएका युट्युब च्यानललाई अनुसन्धान गरी कारबाही गर्न नेपाल प्रहरी (साइबर ब्युरो) मा सिफारिस गर्ने र यस्ता च्यानलले सम्प्रेषण गरेका सामग्री र आकर्षित ऐन, नियम, निर्देशिका, आचारसंहिताबारे उल्लेख गरी कारबाहीका लागि युट्युब कम्पनीलाई अनुरोध गर्ने भएको छ । काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेतको संयोजकत्वमा बसेको उपसमितिको बैठकले कतिपय युट्युब च्यानल प्रचलित ऐन, नियम, निर्देशिका, आचारसंहिताबारे जानकारीसमेत नभएका, के गर्ने/नगर्ने भन्ने सामान्य ज्ञानसमेत नभएको देखिएको भन्दै व्यावसायिक रूपमा सञ्चालन हुन चाहने युट्युब च्यानल लक्षित एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय पनि गरेको छ । बैठकमा अध्यक्ष बस्नेतले युट्युब च्यानल आफैँमा सूचना सम्प्रेषणका उपयुक्त माध्यम भएकाले भरपर्दो, विश्वसनीय र जिम्मेवारपूर्ण सूचना सम्प्रेषण बाँकी ६ पृष्ठमा

# रामेछाप डायरी

## मन्थली क्याम्पसको स्ववियु सभापतिमा नेविसंघका अविनाश कार्की विजयी

मन्थली सहिद स्मृति बहुमुखी क्याम्पसको स्ववियु सभापतिमा नेविसंघको उम्मेद्वार अविनाश कार्की विजयी भएका छन् । आइतबार भएको स्ववियु निर्वाचनमा अनेरास्ववियुका उम्मेद्वार पुस्कर भट्टराईलाई ६३ मतान्तरले पराजित गर्दै कार्की विजयी हुनुभएको हो । नेविसंघ, अखिल क्रान्तिकारी र एस निकट अनेरास्ववियुको विद्यार्थीहरुको संयुक्त गठबन्धनबाट सभापति पदका उम्मेद्वार रहेका कार्कीले २ सय ८६ मत ल्याउनुभयो । उहाँका प्रतिस्पर्धी अनेरास्ववियुका उम्मेद्वार पुस्कर भट्टराईले २ सय २३ मत पाउनुभयो ।

सचिवमा अनेरास्ववियुका उम्मेद्वार सुशिल थापा विजयी हुनुभएको छ । उहाँले संयुक्त गठबन्धनका उम्मेद्वार तेज बहादुर श्रेष्ठलाई १६ मतान्तरले पराजित गर्दै विजयी हुनुभएको हो । कोषाध्यक्षमा दुबै प्यानलको उम्मेद्वारलाई बराबरी मत आएपछि दुबै जनालाई कोषाध्यक्ष मान्नेगरी दुबै जनालाई निर्वाचित भएको घोषणा गरिएको छ । कोषाध्यक्षमा निर्वाचित हुने कविता खरेल र विनिता श्रेष्ठले २५१/२५१ मत ल्याएका छन् । सदस्यमा सबै संयुक्त गठबन्धनका उम्मेद्वार विजयी भएका छन् । विजयी हुने सदस्यमा क्रमशः अनोज भुजेल, मनिषा काफ्ले, युवराज बुढाथोकी, विनोद कुमार माझी र विनिता माझी रहेका छन् । समानुपातिक तर्फ संयुक्त गठबन्धनले २ सय ७८ मत पाएको छ भने अनेरास्ववियुले २ सय ३४ मत पाएको छ । समानुपातिक प्रणालीबाट संयुक्त गठबन्धनले पाएको मत अनुसार गठबन्धनबाट ४ जना र अनेरास्ववियुबाट ३ जना सदस्य निर्वाचित हुने निर्वाचन मण्डलले बताएको छ ।

## सुनापति-शैलुङ अन्तर्राष्ट्रिय अल्ट्रा म्याराथनमा सोलुका धावक सुमन कुलुङ प्रथम

रामेछापमा शनिबार भएको ५५ किलोमिटर लामो सुनापति-शैलुङ अन्तर्राष्ट्रिय अल्ट्रा म्याराथन प्रतियोगितामा सोलुका धावक सुमन कुलुङ प्रथम हुनुभएको छ । कुलुङले उक्त दुरी ५ घण्टा २६ मिनेट ५८ सेकेन्डमा पूरा गर्नुभयो । सुनापतिबाट बिहान ७ बजे सुरु भएको प्रतियोगिताका धावकहरु सुनापति डाँडा, खाँडादेवी मन्दिर, गाल्वा, अग्लेश्वर, दोरम्बा, डाँडाकटेरी, धारा, राजभीर गुफा, छांगा, घलेडाँडा हुँदै शैलुङ पुगेका थिए । प्रतियोगितामा वेदबहादुर सुनुवारले दोस्रो स्थान हासिल गर्नुभयो । उहाँले उक्त दुरी ५ घण्टा २९ मिनेट ४० सेकेण्डमा पूरा गर्नुभयो । त्यसैगरी धावक दुर्गाराज बुद्धले ५ घण्टा ४४ मिनेट २० सेकेण्डमा उक्त दुरी पूरा गरेर तृतीय स्थान हासिल गर्नुभयो ।

यसैगरी २५ किलोमिटर लामो सुनापति-शैलुङ अन्तर्राष्ट्रिय अल्ट्रा म्याराथन भने मोहन देव जोशीले जित्नुभएको छ । जोशीले उक्त दुरी ३ घण्टा ८ मिनेट ३९ सेकेण्डमा पूरा गर्नुभयो । उक्त म्याराथनमा देवराज महताराले ३ घण्टा १० मिनेट १० सेकेन्डमा उक्त दुरी पूरा गर्दै दोश्रो हुनुभयो । होमलाल श्रेष्ठले तृतीय स्थान हासिल गर्दै उक्त दुरी ३ घण्टा १४ मिनेट ५ सेकेण्डमा पूरा गर्नुभया । खेलमा ५५ किलोमिटर अन्तरगत प्रथम हुनेलाई ७५ हजार ,द्धितिय हुनेलाई ३५ हजार र तृतिय हुनेलाई २० हजार पुरस्कार प्रदान गरिएको छ । त्यस्तै २५ किलोमिटर अन्तरगत प्रथम हुनेलाई ४० हजार, द्धितिय हुनेलाई २० हजार र तृतिय हुनेलाई १० हजार पुरस्कार प्रदान गरिएको छ ।

त्यस्तै ५ किलोमिटर अन्तरगत प्रथम हुनेलाई १५ हजार, द्धितिय हुनेलाइ १० हजार र तृतियलाई ५ हजार पुरस्कार प्रदान गरिएको हो ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :


१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :


१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# निसान गाडी किन्न एभरेष्ट बैंकले कर्जा दिने

निसानको आधिकारीक बिक्रेता पायोनियर मोटोकर्प प्रालिले बिक्री गर्दै आएको गाडीमा एभरेष्ट बैंकले कर्जा दिने भएको छ। बैंक र पायोनियरबीच



भएको सम्झौताअनुसार अब निसानका गाडीमा खरिद गर्ने ग्राहकले एभरेष्ट बैंकबाट सहजै कर्जा लिन सक्नेछन्। दुई संस्थाबीच भएको सम्झौतापत्रमा बैंकको तर्फबाट कर्पोरेट हेड हरिशकुमार आचार्य र पायोनियर मोटोकका तर्फबाट सह–महाप्रबन्धक ज्ञानेन्द्रबहादुर चन्दले हस्ताक्षर गरेका हुन्। सम्झौतापछि निसानले उत्पादन गरेका गाडी खरिद गर्दा छिटो, छरितो र सहजताका साथ प्रतिस्पर्धी ब्याजदरमा सवारीसाधन कर्जा उपलब्ध गराउने जारी विज्ञप्तिमा उल्लेख छ।

यो सहयोगले निसानबाट गाडी खरिद गर्न चाहने ग्राहकलाई सुलभ र सहज वित्तीय सेवा प्रदान गर्ने लक्ष्य राखेको छ। समझौता अनुसार योजना बैंकका सबै शाखाहरूबाट ग्राहकले ऋण सुविधा सहजै पाउने छन्।

# दराजबाट १ रुपैयाँमा सामसुङ ग्यालेक्सी एम ४ मोबाइल जित्ने मौका

ग्लोबल आइएमई बैंक लिमिटेडले दराजबाट १ रुपैयाँमा सामसुङ ग्यालेक्सी एम ४ मोबाइल फोन जित्ने योजना सार्वजनिक गरेको छ। योजना अर्न्तगत बैंकका ग्राहकहरुले भिजा डेबिटरक्रेडिट कार्ड प्रयोग गरी दराजबाट अनलाइन




भुक्तानी गरी मात्र १ रुपैंया खर्च गरेर सामसुङ ग्यालेक्सी एम ४ मोबाइल फोन जित्न सक्नेछन्। बैंकले दराज नेपालसँग सहकार्य गरी सार्वजनिक गरेको यो योजना २०७९ चैत ५ देखि ११ गते (तदनुसार मार्च १९ देखि २५) सम्म ७ दिनका लागि मान्य रहनेछ। यस योजनाको अन्त्यमा, बैंकको डेबिट/क्रेडिट कार्ड प्रयोग गरी दराजमा अनलाइनमार्फत १ रुपैयाँ खर्च गर्ने र मोबाइल फोन खरिद गर्न चाहने कुल सहभागीहरूमध्ये १ जना भाग्यशाली विजेता छनोट गरिनेछ। छनोट भएका एक भाग्यशाली विजेताले १ रुपैयाँमै सामसङ ग्यालेक्सी एम ४ मोबाइल फोन पाउनेछन्।

# आइएमई मोटर्स र एभरेष्ट बैंकबीच कर्जा उपलब्ध गराउने सम्झौता

अशोक लेल्याण्डको नेपालका लागि आधिकारिक बिक्रेता आइएमई मोटर्स र एभरेष्ट बैंकबीच सवारी साधनका लागि कर्जा उपलब्ध गराउने सम्बन्धी सम्झौता सम्पन्न भएको छ। उक्त सम्झौता पत्रमा आइएमई मोटर्सको तर्फबाट



सीईओ हेमन्त पुराणिक र बैंकको तर्फबाट डेपुटी जनरल म्यानेजर गौरव कुमारले हस्ताक्षर गरेका छन्।

सम्झौता अनुसार, अशोक लेल्यान्डका देशभर रहेका १७ शोरुम वा एभरेष्ट बैंकको कुनै पनि शाखाबाट ग्राहकले सो अफर अन्तर्गतको सुविधा प्राप्त गर्न सक्नेछन्। ग्राहकको चाहना अनुसार अशोक लेल्यान्डका सवारी साधन किन्नका लागि बैंकले अधिकतम ७ वर्ष सम्मका लागि करिव १४ प्रतिशत सम्मको ब्याजदरमा गाडी कर्जा उपलब्ध गराउने छ। कर्जा प्राप्त गर्नका लागि सहज र सरल प्रक्रिया अपनाइने छ। नेपाल राष्ट्र बैंकको नीति निर्देशन अन्तर्गत रहेर सो कर्जा उपलब्ध हुने कम्पनीले जनाएको छ।

आइएमई मोटर्स र एभरेष्ट बैंकबीच कर्जा उपलब्ध गराउने सम्झौता

अशोक लेल्याण्डको नेपालका लागि आधिकारिक बिक्रेता आइएमई मोटर्स र एभरेष्ट बैंकबीच सवारी साधनका लागि कर्जा उपलब्ध गराउने सम्बन्धी सम्झौता सम्पन्न भएको छ। उक्त सम्झौता पत्रमा आइएमई मोटर्सको तर्फबाट




सीईओ हेमन्त पुराणिक र बैंकको तर्फबाट डेपुटी जनरल म्यानेजर गौरव कुमारले हस्ताक्षर गरेका छन्। सम्झौता अनुसार, अशोक लेल्यान्डका देशभर रहेका १७ शोरुम वा एभरेष्ट बैंकको कुनै पनि शाखाबाट ग्राहकले सो अफर अन्तर्गतको सुविधा प्राप्त गर्न सक्नेछन्। ग्राहकको चाहना अनुसार अशोक लेल्यान्डका सवारी साधन किन्नका लागि बैंकले अधिकतम ७ वर्ष सम्मका लागि करिव १४ प्रतिशत सम्मको ब्याजदरमा गाडी कर्जा उपलब्ध गराउने छ। कर्जा प्राप्त गर्नका लागि सहज र सरल प्रक्रिया अपनाइने छ। नेपाल राष्ट्र बैंकको नीति निर्देशन अन्तर्गत रहेर सो कर्जा उपलब्ध हुने कम्पनीले जनाएको छ।

# नेपाल रेमिट इन्टरनेशनल र राष्ट्रिय वाणिज्य बैंकबीच सम्झौता

नेपाल रेमिट इन्टरनेशनल प्रा.लि. र राष्ट्रिय वाणिज्य बैंकबीच वैदेशिक रेमिटेन्स बैंकिङ च्यानलमार्फत भुक्तानी गर्नेसम्बन्धि सम्झौता भएको छ। यस सम्झौता पत्रमा नेपाल रेमिटका प्रमुख कार्यकारी अधिकृत सागर खनाल र




राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले हस्ताक्षर गरेका छन्। विगत १७ वर्षदेखि रेमिटेन्स क्षेत्रमा काम गर्दै आएको नेपाल रेमिट इन्टरनेशनल तथा देशभरी २६५ वटा शाखा कार्यालय र ४६ वटा एक्सटेन्सन काउन्टर रहेको राष्ट्रिय वाणिज्य बैंकबीचको सम्झौता पश्चात नेपाल रेमिटमार्फत विश्वका विभिन्न स्थानबाट बैंकिङ च्यानलमार्फत पठाएको रकम देशको ७७ जिल्लामै सम्बन्धित व्यक्तिले बैंकको शाखा कार्यालयमार्फत सरल तरिकाबाट रकम प्राप्त गर्न सक्नेछन्। यसका साथै राष्ट्रिय वाणिज्य बैंकसँगको सम्झौतासँगै नेपाल रेमिटले देशभर १२ हजार भन्दा बढि स्थानबाट आफ्नो सेवा जनतामाझ प्रदान गर्न सक्नेछ। डिजिटल रेमिटेन्सलाई प्राथमिकता दिने नेपाल रेमिटले विश्वका धेरै देशबाट नेपालमा रहेका थुप्रै बैंक तथा वित्तीय संस्थाबाट ग्राहकका खातामा रियल टाइम बैंक डिपोजिट सेवालाई प्रभावकारी रुपमा प्रदान गर्दै आएको छ। जसले गर्दा नेपालमा रेमिटेन्स भित्र्याई देशको अर्थतन्त्र सुदृढीकरणमा समेत टेवा पुग्ने अपेक्षा लिएको बताइएको छ।

# एनएमबि बैंकको रुपन्देही–ओमसतिया गाउँपालिकामा एक्सटेन्सन काउन्टर

एनएमबि बैंक लिमिटेडले ओमसतिया गाउँपालिकामा एक्सटेन्सन काउन्टर शुरु गरेको छ। एनएमबि बैंक लिमिटेड ठुटेपिपल शाखाको एक्सटेन्सन काउन्टर खोलिएको हो। ओमसतिया गाउँपालिकाका अध्यक्ष मन्जित कुमार यादव सोनुले एक समारोहकाबीच कैचीले रिवन काटेर समुद्घाटन गर्नुभयो। कार्यक्रममा बोल्दै अध्यक्ष मन्जित कुमार यादव सोनुले एनएमबि बैंक लिमिटेड गाउँपालिका भवनमै आफ्नो एक्सटेन्सन काउन्टर खोलेर वित्तीय सेवा शुरु गरेकोमा धन्यवाद ज्ञापन गर्दै पालिकाका आमजनतालाइ सहज, सरल र छिटोछरितो वित्तीय पहुँच पुग्ने विस्वास व्यक्त गर्नुभयो। कार्यक्रममा गाउँपालिका उपाध्यक्ष सुनिता चौधरी, प्रमुख प्रशासकीय अधिकृत बिपिन क्षेत्री, एनएमबि बैंक लिमिटेड लुम्बिनी प्रदेशका क्षेत्रीय प्रवन्धक प्रभात सिंह खाती, अप्रेसन प्रबन्धक सुन्दर थापाको उपस्थिति थियो।

एनएमबि बैंक लिमिटेड ठुटेपिपल शाखा प्रमुख सुनिल भट्टराईले आफुहरुले ग्रामीणस्थलमा सबै जनताको बीचमा वित्तीय पहुँच पुर्याउन एनएमबि बैंक लिमिटेड ठुटेपिपल शाखाको काउन्टर खोलिएको बताउनुभयो। ओमसतिया गाउँपालिका आमजनता, बुबाआमा, दाजुभाइ, दिदिबहिनीहरुलाई सहज बैंकिङ्ग सेवा दिन आफुहरु दत्तचित्त भएर लाग्ने बताउनुभयो। बचत राख्ने, कर्जा लिने लगायतका सम्पूर्ण आर्थिक कारोबार ढुक्क भएर एनएमबि बैंकबाट गर्न आग्रह गर्नुभयो।

एनएमबि बैंक विगत २६ वर्ष देखी अनवरत रुपमा बैंकिङ्ग सेवा सुविधा प्रदान गर्दै आएको नेपाल राष्ट्र बैंकबाट "क"वर्गको इजाजत पत्र प्राप्त एक अग्रणी वित्तीय संस्था हो। बैंकले दि फिनान्सियल टाईम्स, लण्डनको 'द ब्यान्कर' पत्रिकाद्वारा एसियाकै सर्वोत्कृष्ट बैंकको उपाधी 'बैंक अफ दि इयर एसिया २०२१' उपाधीबाट सम्मानित भएको बैंक हो।

एनएमबि बैंकले २०१७, २०१८, २०२० र २०२१ लागी पनि उक्त पत्रिकाद्वारा चार पटक नेपालकै उत्कृष्ट बैंकको उपाधी बैंक अफ दि इयर नेपाल प्राप्त गरी सकेकको छ।

एनएमबि बैंकले हाल देशभरी २०१ शाखाहरु, १३८ एटिएमहरु र ओमसोतिया सगै १२ एक्सटेन्सन काउन्टरहरु मार्फत उच्चस्तरीय सेवा प्रदान गदै आइरहेको छ।

## अर्थ संसार

# नेपाल बैंक लिमिटेडको २२८ औं शाखा चितवन हाकिमचोकमा

नेपाल बैंक लिमिटेडले आफ्नो २२८ औं शाखा चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. १० हाकिमचोकमा स्थापना गरेको छ। नेपाल बैंक लिमिटेड सञ्चालक समितिका अध्यक्ष गंगा प्रसाद ज्ञवाली, चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल र नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारीले संयुक्त रुपमा ताम्रपत्र अनावरण गरी शाखा समुद्घाटन गर्नुभयो। उक्त समाहरोहमा नेपाल बैंक लिमिटेड हाकिमचोक शाखाका शाखा प्रवन्धक नीना श्रेष्ठज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो। नेपाल बैंक लिमिटेड प्रादेशिक कार्यालय बागमति प्रदेशका प्रादेशिक प्रमुख पासाङ दोर्जी शेर्पा र चितवन उद्योग वाणिज्य संघका अध्यक्ष




चुन नारायण श्रेष्ठ, उद्योग संघका अध्यक्ष त्रिलोचन कंडेल, वीरेन्द्र क्याम्पसका प्रमुख दयाराम पौडेल, सप्तगण्डकी क्याम्पसका प्रमुख मणिराज महतो लगायत उपस्थित रहनुभएको उद्घाटन समाहरोहमा जनप्रतिनिधि, ब्यापारी–ग्राहक, जिल्लामा रहेका सरकारी कार्यालयका प्रमुख, शिक्षक, नेपाल बैंक लिमिटेडका निवर्तमान कर्मचारी तथा जेष्ठ नागरिकहरुको समेत उपस्थिति रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि सुरेन्द्र पौडेलले चितवन जिल्लामा प्रतिष्पर्धात्मक माध्यमबाट सुलभ र सहज बैकिङ्ग सेवा दिने गरी नेपाल बैंक लिमिटेड आएकोले यसले चितवनबासीलाई आर्थिक रुपले समृद्ध बनाउने भूमिका खेल्ने धारणा राख्नुभएको थियो।

नेपाल बैंक लिमिटेड सञ्चालक समितिका अध्यक्ष गंगाप्रसाद ज्ञवालीले विगतमा चितवन जिल्लामा खोलिएको नेपाल बैंक लिमिटेडलाई चितवन बासीले स्मरण गरिरहेकोले सञ्चालनमा आएको हाकिमचोक शाखाबाट दिगो बैंकिङ्गको अपेक्षा रहेको धारणा राख्नुभयो।

नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारीले वक्ताहरुबाट उठाइएका जिज्ञासाको बारेमा स्पष्ट पार्दै बैंकको विशिष्ट प्रकृतिका आर्थिक प्रडक्टहरु रहेका र सोलाई प्रयोग गरी बैंकसँग साझेदारी गर्न ग्राहकबर्गहरुमा अनुरोध गर्नुभएको थियो। उक्त कार्यक्रममा नेपाल बैंक लिमिटेड, चितवनमा रहेका शाखा कार्यालयका शाखा प्रमुखहरुको समेत उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा नेपाल बैंक लिमिटेड प्रादेशिक कार्यालय बागमति प्रदेशका प्रादेशिक प्रमुख पासाङ दोर्जी शेर्पाले स्वागत मन्तब्य दिनुभएको थियो भने शाखामा कार्यरत कर्मचारीहरुले अतिथि सत्कारको ब्यवस्थापन गर्नुभएको थियो।

# एनआइसी एसिया बैंकको वित्तीय साक्षरताका लागि जनचेतना कार्यक्रम सम्पन्न

एनआइसी एसिया बैंकले वित्तीय साक्षरताका लागि जनचेतना कार्यक्रम सम्पन्न गरेको छ। बैंकको कैलाली जिल्लामा रहको पलहमालपुर शाखाले




चैत ६ गतेदेखि ९ गतेसम्म ग्लोबल मनी विक २०२३ कार्यक्रम अनुसार मिती २०७९।१२।०९ वित्तीय साक्षरताका लागि जनचेतना कार्यक्रम सम्पन्न गरेको हो।

'प्लान योर मनी, प्लान्ट यो फ्यूचर' भन्ने नारासहित 'ग्लोबल मनी विक–२०२३' सुरु भएको छ। हरेक वर्ष मार्च महिनामा साताव्यापी रूपमा मनाइने ग्लोबल मनी विकको यो एघारौं संस्करण हो। सोही अनुरूप एनआईसी एसिया बैंकले पलहमालपुरमा रहेको पहलमान सिह मेमोरियल विद्यालयमा ५० जना विद्यार्थीको सहभागितामा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गरेको हो। नेपाल राष्ट्र बैंकले 'ग्लोबल मनी विक' मूलतः किशोररकिशोरी तथा युवा/युवतीमा वित्तीय शिक्षाको महत्त्वबारे जागरण ल्याउने उद्देश्यका साथ विश्वव्यापी रूपमा थालिएको अभियान हो।

# सिटिजन्स बैंक र निसर्ग हस्पिटलबीच सम्झौता

सिटिजन्स बैंक इन्टरनेसनल र धनगढीस्थित निसर्ग हस्पिटल एवं रिसर्च सेन्टर प्रालिबीच छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ। सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहकले निसर्ग हस्पिटलमा २० प्रतिशतसम्मको छुट पाउनेछन्।

यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुने साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित गर्ने विश्वास लिएको बैंकले जनाएको छ। बैंकले डिजिटल बैंकिङ माध्यमको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको दावी गरेको छ।

# गाउँलेको स्ट्रेचरको विकल्प बन्दै एम्बुलेन्स सेवा

भोजपुर । कोशी प्रदेशको पहाडी जिल्ला भोजपुर, जहाँ बिरामीहरूलाई स्वास्थ्य संस्थासम्म पुर्याउनका लागि स्ट्रेचरको बढी प्रयोग हुने गरेको थियो । तर अहिले भने जिल्लाका ग्रामीण क्षेत्रहरूबाट समेत सो समस्या हट्दै जान थालेको छ ।

स्थानीय तहहरूले समेत दुर्गमका नागरिकहरूलाई स्वास्थ्य सेवामा पहुँच पुर्याउने उद्देश्यले एम्बुलेन्सको व्यवस्थापन गर्न थालेसँगै यो समस्या हट्दै जान थालेको हो । स्थानीय तहहरूमा जनप्रतिनिधि आएसँगै क्रमिकरूपमा नागरिकलाई पनि स्वास्थ्य उपचारका लागि पहुँच पुग्दै गएको भोजपुर नगरपालिका ७ का वडाध्यक्ष जयबहादुर तामाङको भनाइ छ ।

उहाँले भन्नुभयो, "स्थानीय तहहरूमा अहिले आएर एम्बुलेन्सको सुविधा छ, जसले गर्दा समस्यामा परेका बिरामीहरूलाई तत्काल स्वास्थ्य संस्थासम्म लैजान सहज भएको छ ।"

भोजपुरमा हाल जिल्ला अस्पतालका साथै भोजपुर नगरपालिका, षडानन्द नगरपालिका, रामप्रसाद राई गाउँपालिका, हतुवागढी गाउँपालिका, पौवादुङमा गाउँपालिका लगायत सबैमा अहिले एम्बुलेन्स सेवा सञ्चालनमा छ । विगतमा जस्तो बिरामीहरूलाई अस्पताल पुर्याउन अहिले जिल्लाका ग्रामीण क्षेत्रहरूमा पनि समस्या छैन ।

भोजपुर नगरपालिकाले एम्बुलेन्स सेवालाई प्रभावकारी बनाउन ठाउँअनुसारको शुल्क निर्धारण गरेर सेवा दिँदै आइरहेको छ । भोजपुर ८ का वडाध्यक्ष नवीन प्रधानले भन्नुभयो, "विगतमा सडकको पहुँच पनि नहुनु र स्थानीय तहहरूमा समेत साधनको व्यवस्थापन हुन नसक्दा दुर्गमका नागरिक सबै न्दा बढी मारमा थिए, तर अहिले गाउँबाट पनि स्ट्रेचरको विकल्प एम्बुलेन्स बन्न थालेको छ ।"

जिल्लाको टेम्केमैयुङ गाउँपालिकाले पनि रेडक्रस उपशाखा अन्नपूर्णलाई एम्बुलेन्स हस्तान्तरण गरेको छ । रेडक्रस उपशाखा अन्नपूर्णको पहलमा रेडक्रस केन्द्रिय कार्यालयको अनुदान र पालिकाको आर्थिक सहयोगमा खरिद भएको एम्बुलेन्स पालिकाले रेडक्रसलाई हस्तान्तरण गरेको हो ।

गाउँपालिका अध्यक्ष सरोज बस्नेतले भन्नुभयो, "आवश्यक मापदण्ड सहित एम्बुलेन्स सञ्चालनका लागि रेडक्रसलाई हस्तान्तरण गरिएको छ ।" गाउँपालिकाका अध्यक्ष बस्नेत र उपाध्यक्ष रमा राईले संयुक्तरूपमा एम्बुलेन्सको चाबी रेडक्रसलाई बुझाउनु भएको छ । गाउँपालिका उपाध्यक्ष राईले पालिकाभित्र एम्बुलेन्स सञ्चालनका लागि आवश्यकरूपमा पालिकाको समेत सहयोग हुने बताउनुभयो ।

एम्बुलेन्स सेवा सञ्चालनमा पर्ने आर्थिक समस्या समाधानका लागि डाली कोषको समेत सुरुआत गरिएको छ । सो कोषका लागि स्थानीयवासी गोविन्द मुकारुङले रु २५ हजार, टङ्कप्रसाद रेग्मीलेरु २५ हजार, पालिका अध्यक्ष बस्नेतलेरु २५ हजार, स्थानीयवासी जीवन किराँतीले ११ हजार एक सय ११ र केदार अधिकारीले रु १० हजार सहयोग गर्नुभएको छ । गाउँपालिकाका अध्यक्ष बस्नेतले नियमितरूपमा एम्बुलेन्स सेवा सञ्चालनका लागि सहयोग गर्न सबैलाई आग्रहसमेत गर्नुभयो ।

डाली कोषमा सङ्कलन भएको रकम मुद्दती खातामा जम्मा गरी सो रकमको ब्याजबाट खर्च गरिने रेडक्रस उपशाखा अन्नपूर्णले जनाएको छ ।

गर्भवती र ज्येष्ठ नागरिकलाई एम्बुलेन्स प्रयोग गर्दा लाग्ने भाडामा भने छुट गर्ने व्यवस्थामा लागेको गाउँपालिकाले जनाएको छ ।

# राजनीति सुध्रिए अर्थतन्त्र सुध्रिन्छ

रत्न प्रजापति

कोरोना कहरले विश्व अर्थतन्त्रसँगसँगै नेपालको अर्थतन्त्र पनि निकै सुस्ताएको थियो । आर्थिक क्रियाकलाप निकै शिथिल बन्दा आन्तरिक रूपमा वस्तु तथा सेवाको उत्पादनमा उल्लेख्य ह्रास आएको थियो । फलस्वरूप कोरोना कहरका बेला नेपालको आर्थिक वृद्धिदर २.४ प्रतिशतले ऋणात्मक हुन पुगेको थियो । कोरोना कहरको चौतर्फी प्रभावमा केही सुधार आएपछि देशको अर्थतन्त्रमा पनि सुधार देखिएको थियो । कोरोनाको असर क्रमशः कम हुँदै गएपछि देशमा आर्थिक क्रियाकलापहरूले पनि क्रमशः गति लिन थालेको थियो । उद्योगहरूको क्षमता उपयोगमा वृद्धि हुन थालेको थियो । वस्तु तथा सेवाको उत्पादन तथा मागमा पनि क्रमशः सुधार आएको थियो । परिणामतः आर्थिक वृद्धिदरमा पनि सुधार आएको थियो । जसअनुसार आर्थिक वर्ष २०७७/७८ मा आर्थिक वृद्धिदर ४.२ प्रतिशत पुगेको थियो भने आर्थिक वर्ष २०७८/७९ मा ५.८ प्रतिशत पुगेको थियो । यसै सकारात्मक वृद्धिदरबाट उत्साहत भएर सरकारले चालू आर्थिक वर्षमा ८ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य राखेको थियो ।

अहिले पुनः राजनीतिक अस्थिरता र अन्योलको स्थिति बढ्दै गएकाले आर्थिक क्रियाकलाप पुनः शिथिल बन्दै गएको छ । संसद्को दोस्रो निर्वाचन पछि मतपरिणामका आधारमा ठूलो दल बनेको नेपाली कांग्रेस प्रकारान्तरले प्रतिपक्षको भूमिकामा बस्न पुग्दा नेपाली राजनीतिमा एक किसिमको अन्योलको स्थिति सिर्जना भएको थियो र अस्थिरताको संकेत पनि देखिएको थियो । त्यो संकेत अलि छिट्टै नै सही साबित हुन पुगेको छ । सत्तासीन दल नेकपा एमाले राष्ट्रपति निर्वाचनको पूर्वसन्ध्यामा सरकारबाट बाहिरिएसँगै पुनः एकपटक नेपाली राजनीतिमा अन्योल र अस्थिरताको स्थिति सिर्जना भएको छ र यसको असर नेपाली अर्थतन्त्रमा अझै गम्भीर रूपमा पर्ने देखिएको छ । नेपालको राजनीतिक चिन्तन देशको अर्थतन्त्रमा भन्दा सत्तामा केन्द्रित छ । सत्तामा पुगेपछि पनि सत्ता टिकाउने प्रपञ्चमा बढी सोच र समय व्यतीत गर्ने हुँदा अर्थतन्त्र सुधारको मुद्दाले प्राथमिकता नै पाउन सकेको छैन । भन्नै पर्दा अर्थतन्त्र सुधारप्रति राजनीतिक नेतृत्व उदासीन छ । बरु सत्ताको दुरुपयोग गरी अर्थतन्त्रको दोहन गर्ने प्रवृत्तिले अर्थतन्त्र दिनप्रतिदिन कमजोर बन्दै गएको अहिलेको कटु यथार्थ हो । सुशासनको नारा दिएर कुशासनलाई प्रश्रय दिने सरकारको कार्यशैलीले गर्दा देश चरम भ्रष्टाचारको आहालमा डुबेको छ । देशको अर्थतन्त्र कमजोर बन्नु र आर्थिक क्रियाकलाप शिथिल बन्नुमा मौलाउँदै गएको भ्रष्टाचार पनि एउटा मुख्य कारणको रूपमा रहेको छ । अतः राजनीति सुधिए अर्थतन्त्रमा अवश्य सुधार आउनेछ । कुशासन र भ्रष्टाचारले गर्दा आर्थिक क्रियाकलापले प्रोत्साहन नपाउँदा अर्थतन्त्र नै सुस्ताएको अवस्था छ । परिणामतः देशको आर्थिक वृद्धिदर निकै निराशाजनक बन्न पुगेको छ । केन्द्रीय तथ्याङ्क कार्यालयले हालै सार्वजनिक गरेको चालू आर्थिक वर्ष २०७९/८० को पहिलो त्रैमासिक आर्थिक वृद्धिदरसम्बन्धी विवरणअनुसार नेपालको आर्थिक वृद्धिदर ०.८ प्रतिशतमा खुम्चिएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ३ प्रतिशत थियो । सरकारले भने चालू आर्थिक वर्षमा ८ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य राखेको छ । यसरी लक्ष्य एकातिर र प्रगति अर्कातिरको स्थितिले नेपालको अर्थतन्त्रलाई प्रत्यक्ष असर पार्ने क्षेत्रहरूको सुधारमा सरकार गम्भीर नभएको देखिन्छ । पछिल्लो समय आर्थिक क्रियाकलाप शिथिल हुँदै गएको र अर्थतन्त्रमा संकुचन आएको अर्थतन्त्रका मुख्य सूचकहरूले देखाइरहेका छन् । वस्तु तथा सेवाको उत्पादन र मागमा निरन्तर ह्रास आएको र आर्थिक वृद्धिदरमा समेत संकुचन देखिएकाले अर्थतन्त्र नै मन्दीतर्फ उन्मुख भएको संकेत देखिएको अर्थविद्हरूको विश्लेषण छ ।

उद्योगहरूको क्षमता उपयोग र उत्पादनमा ह्रास, उच्च मूल्यवृद्धि, उपभोक्ताको क्रयशक्तिमा कमी, निजी क्षेत्रमा देखिएको निराशा, आर्थिक क्रियाकलापमा शिथिलतालगायतका कारणले अर्थतन्त्र मन्दीतर्फ उन्मुख भएको संकेत देखिएको अर्थविद्हरूको ठहर छ । उता अन्तर्राष्ट्रिय मुद्रा कोषले पनि पछिल्लो समय नेपालको अर्थतन्त्रमा सुधार आएको देखिए पनि जोखिम भने कायमै रहेको जनाएको छ । कोषले विदेशी मुद्रा सञ्चितिमा पर्न सक्ने दबाब न्यूनीकरणका लागि कसिलो मौद्रिक नीति अवलम्बन गर्नुपर्ने सुझाउँदै चालू आर्थिक वर्षको आर्थिक वृद्धिदर ४.४ प्रतिशत मात्रै हुने जनाएको छ । अर्थतन्त्र चुनौतीपूर्ण बन्दै गएको सरकारको पनि स्वीकारोक्ति छ । उपभोक्ताको क्रयशक्ति घटेकाले बजारमा माग र आपूर्तिको चक्र प्रभावित भएको, कर्जा विस्तारमा कमी आएको, उद्योग व्यवसाय निरन्तर संकुचनतर्फ उन्मुख भएको, आन्तरिक उत्पादन ह्रासोन्मुख भएको, आयातमा निरन्तर वृद्धि भएकाले वैदेशिक व्यापारमा निरन्तर घाटा बढिरहेको, राजस्व परिचालनमा संकुचन, विकास खर्च बढ्न नसकेको, साधारण खर्चका लागि आन्तरिक तथा बाह्य ऋणमा भर पर्नुपर्ने अवस्था आदि कारणले नेपालको अर्थतन्त्र चुनौतीपूर्ण बनेको छ । महत्वाकांक्षी आर्थिक वृद्धिदरको लक्ष्य लिएर अन्ततः त्यो लक्ष्यमै संशोधन गर्नुपर्ने परिस्थिति सिर्जना हुनु सरकारका लागि लज्जाको विषय बन्नुपर्ने हो । तर यस्तो गम्भीर विषयलाई सरकारले निकै हल्का रूपमा लिन्छ र सजिलै लक्ष्य संशोधन गर्छ । राष्ट्रिय बजेटकै सवालमा यस्तै लापरवाह स्थिति विद्यमान छ । चालू आर्थिक वर्षको कुल राष्ट्रिय बजेट १७ खर्ब ९३ अर्ब ८३ करोड रहेकोमा लक्ष्यअनुसार राजस्व सङ्कलन हुन नसकेको र स्रोतको सुनिश्चितता नभएको कारण देखाएर बजेटको मध्यावधि समीक्षापश्चात् बजेटको आकार १४ प्रतिशतले घटाएर १५ खर्ब ४९ अर्ब ९९ करोडमा सीमित गरिएको छ । यसको असर आगामी आर्थिक वर्षको बजेटमा समेत परेको छ । जसअनुसार आगामी आर्थिक वर्षका लागि १६ खर्ब ८८ अर्बको बजेट सिलिङ तोकिएको छ । आर्थिक वृद्धिदरको सवालमा पनि बजेटकै जस्तो अवस्था कायम छ । चालू आर्थिक वर्षमा ८ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य भए पनि त्यसलाई संशोधन गरेर ४.५ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य कायम गरिएको छ । आर्थिक विकासका लागि सरकार आफैँले बजेटमा घोषणा गरेका विभिन्न बुँदाहरूको कार्यान्वयनमा सरकार गम्भीर नहुँदा बजेटमा समेटिएका ६३ मध्ये ३६ वटा बुँदाको प्रगति शून्य रहेको नेपाल उद्योग परिसंघको सहकार्यमा नेपाल आर्थिक पत्रकार समाजले गरेको अध्ययनले देखाएको छ । आर्थिक विकासका लागि महत्वपूर्ण मानिने निजी क्षेत्र तथा लगानीसँग जोडिएका उद्योग, भूमि, पूर्वाधार, विदेशी प्रत्यक्ष लगानी, सार्वजनिक निजी साझेदारीलगायत क्षेत्रसँग सम्बन्धित ६३ बुँदा बजेटमा समावेश भएकामा ३६ वटा अर्थात् ५७ प्रतिशत बुँदाको प्रगति शून्य रहेको पाइएको छ । आफैँले घोषणा गरेको बजेट र बजेटमा समावेश गरिएका आर्थिक विकास सम्बन्धी बुँदाहरूको कार्यान्वयनमा सरकार गम्भीर नभएको देखिएबाट देशको अर्थतन्त्रका बारेमा सरकार गम्भीर र चिन्तित नभएको देखिन्छ । अर्थतन्त्रको भविष्य निर्धारक राजनीति हो भने अर्थतन्त्रमा बर्बादीको कारक पनि राजनीति नै हो । विदेशी ऋण र रेमिटेन्सले देशको अर्थतन्त्र चलाउने राज्यको सोच गलत छ । आर्थिक भविष्यका दृष्टिकोणले यस्तो सोच घातक पनि छ । तर, देश हाँक्ने राजनीतिक नेतृत्व भने अझै पनि विदेशी ऋण र रेमिटेन्सबाटै देशको अर्थतन्त्र चलाउने सोचमा रहेको देखिन्छ, जुन नेपाली जनताको दुर्भाग्य हो । युवा जनसंख्याबाट प्राप्त हुने जनसांख्यिक लाभलाई बेवास्ता गरेर युवाश्रम निर्यात गरेर रेमिटेन्स बढाउने सरकारको नीतिले देशको अर्थतन्त्र निरन्तर जोखिमतर्फ धकेलिएको छ ।

अर्थतन्त्र नाजुक अवस्थामा पुगिसक्दा पनि रकमान्तर गरेरै भए पनि सरकार अनावश्यक खर्च गर्न उद्यत रहेको देखिन्छ । अर्थतन्त्रसँग सरोकार राख्नेहरूले निरन्तर सजग गराउँदागराउँदै पनि सरकार देशको अर्थतन्त्रको दुरुपयोगमा उद्यत रहँदै आएको छ र अर्थतन्त्र दोहन गर्नेहरूलाई प्रश्रय दिनमा उदार रहँदै आएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सक्रियता बढेसँगै विगत सात महिनामा १० हजारभन्दा बढी भ्रष्टाचारसम्बन्धी उजुरी परेबाटै देशमा सुशासन कायम हुन नसकेको र भ्रष्टाचारले प्रश्रय पाएको पुष्टि हुन्छ ।

भ्रष्टाचार गरीगरी देशको अर्थतन्त्र खोक्रो पार्नेहरूकै संरक्षणमा राज्यशक्ति लागिपरेको बाँकी ६ पृष्ठमा

# खेलकुद

## राष्ट्रिय क्रिकेट खेलाडी मल्ल सम्मानित

लुम्बिनी । उपमहानगरपालिकाले नेपाली राष्ट्रिय क्रिकेट टोलीका खेलाडी कुशल मल्ललाई सम्मान गरेको छ । बुटवल उपमहानगरपालिका(११ देवीनगरका स्थायी बासिन्दा मल्ललाई बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेय, उपप्रमुख सावित्रादेवी अर्याल, प्रमुख प्रशासकीय अधिकृत टेकराज पन्थी, शिक्षा तथा जनस्वास्थ्य महाशाखा प्रमुख मित्रमणि खनालले संयुक्तरूपमा दोसल्ला ओढाएर सम्मान गर्नुभयो । सो अवसरमा उहाँलाई रु ५० हजार नगद प्रदान गरिएको थियो ।

कार्यक्रममा क्रिकेटका पूर्वराष्ट्रिय खेलाडी तथा प्रशिक्षक शक्ति गौचन र मल्लकी आमा शर्मिला मल्ललाई पनि दोसल्ला ओढाएर सम्मान गरिएको थियो । सम्मान कार्यक्रममा नगरप्रमुख खेलराज पाण्डेयले कुशल मल्लले क्रिकेटमा गरेको उपलब्धिले बुटवलकै प्रतिष्ठा माथि उठाएको बताउनुभयो । उहाँले नगरमा खेलकुद क्षेत्रको विकासका लागि रु तीन करोडभन्दा बढी बजेट विनियोजन गरिएको भन्दै खेल पूर्वाधारका क्षेत्रलाई प्राथमिकतामा राखिएको बताउनुभयो । उहाँले बुटवलमा राष्ट्रियस्तरका खेलकुद आयोजना गर्नका लागि आवश्यक पूर्वाधार निर्माण र मर्मतसम्भार तथा संरक्षणमा बुटवलले निरन्तर काम गर्दै आएको बताउनुभयो । नगरप्रमुख पाण्डेयले बुटवललाई खेलपर्यटनका माध्यमबाट समेत परिचित गराउने गरी लाग्न खेलक्षेत्रका अगुवा र सङ्घसंस्थाहरूलाई आग्रह गर्नुभयो । कार्यक्रममा क्रिकेटका पूर्वराष्ट्रिय खेलाडी तथा प्रशिक्षक शक्ति गौचनले बुटवलमा खेलकुदको धेरै सम्भावना रहेको भन्दै बुटवल उपमहानगरको प्रयास उत्कृष्ट रहेको र यसमा खेलक्षेत्रको साथ रहने बताउनुभयो । खेलाडी कुशल मल्लले बुटवल उपमहानगरपालिकाले गरेको सम्मानले आफ्नो मनोबल बढेको र आगामी दिनमा थप मेहनत गर्ने बताउनुभयो ।

## नेपाल भारतसँग पराजित

काठमाडौँ । साफ यू१७ महिला च्याम्पियनशिप फुटबल प्रतियोगिताको पहिलो खेलमा नेपाल भारतसँग पराजित भएको छ ।

बङ्गलादेशको ढाकास्थित वीर श्रेष्ठ शहीद सिपाही मुस्तफा कमल स्टेडियममा आज भएको खेलमा भारतले नेपाललाई ४, १ गोलअन्तर पराजित गरेको हो । भारतको जितमा शिल्जी शाजीले ह्याट्रिक पूरा गरिन् भने पूजाले एक गोल गरिन् । नेपालका लागि वर्षा ओलीले एक गोल फर्काइन् ।

खेलको दसौँ मिनेटमा भारतकी शिल्जी शाजीले गोल गर्दै सुरुआती अग्रता दिलाइन् । त्यस्तै खेलको ४०औँ मिनेटमा शाजीले व्यक्तिगत दोस्रो गोल गर्दै भारतलाई २, ० को अग्रता दिलाइन् । खेलको पहिलो हाफको ४१औँ मिनेटमा पूजाले एक गोल थपिन् । त्यसपछि खेलको ५४औँ मिनेटमा नेपालकी खेलाडी वर्षा ओलीले गोल गर्दै खेललाई ३, १ को स्थितिमा ल्याइन् । त्यस्तै खेलको ८०औँ मिनेटमा शाजीले ह्याट्रिक पूरा गर्दै भारतलाई ४,१ को जित दिलाइन् । जितसँगै भारतले पहिलो खेलमा ३ अङ्क जोडेको छ । प्रतियोगितामा आयोजक बङ्गलादेश, नेपाल, भारत, भूटान र रसियाको सहभागिता रहेको छ । नेपालले आफ्नो दोस्रो खेलमा बुधबार भूटानसँग खेल्नेछ ।

## विराट गोल्ड कप चैत ९ गतेदेखि विजेतालाई २० लाख पुरस्कार

मोरङ । विराटनगरमा यही चैत ९ देखि १६ गतेसम्म सञ्चालन हुन लागेको 'विराट गोल्डकप'को सम्पूर्ण तयारी पूरा भएको छ । विराट गोल्ड कप आयोजक समितिद्वारा आज यहाँ आयोजित पत्रकार सम्मेलनमा स्थानीय शहीद रङ्शालामा रात्रिकालीन प्रतियोगिता सञ्चालन हुने जानकारी दिइयो ।

प्रतियोगितामा नेपालका 'ए' डिभिजनका छ क्लब, भारतको एक र भूटानको एक क्लबले 'नकआउट' आधारमा प्रतिस्पर्धा गर्नेछन् ।

नेपालका विभागीय क्लबहरू एपिएफ, त्रिभुवन आर्मी, नेपाल पुलिसका साथै, सङ्कटा, जवालाखेल र विराटनगर सिटी फुटबल क्लब छन् भने लुका सकर क्लब केरला भारत र डुक लयुल फुटबल क्लब भूटान रहेका छन् । प्रतियोगिताको उपाधि विजेताले रु २० लाख १५ हजार तथा उपविजेताले रु १० लाख २५ हजार पुरस्कार प्राप्त गर्ने आयोजक समितिका सहसंयोजक सुभाशिष कोइरालाले जानकारी दिनुभयो । प्रतियोगिता सम्पन्न गर्न रु दुई करोड ५० लाख खर्च लाग्ने अनुमान गरिएको छ ।

## हिमालयन शेर्पालाई हराउँदै थ्री स्टार सेमिफाइनलमा

लुम्बिनी । बुटवलमा सञ्चालिन तिलोत्तमा गोल्डकपको २२औँ संस्करणअन्तर्गत आजको खेलमा थ्री स्टारले हिमालयन शेर्पा क्लबलाई १, ० गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ ।

थ्री स्टारको जितका लागि जर्सी नं १८ का दीपेश गुरुङले दोस्रो हाफको ३८औँ मिनेटमा गरेको उत्कृष्ट गोल निर्णायक बन्यो । बुटवलस्थित देवीनगर एन्फा टेक्निकल सेन्टरको खेल मैदानमा जारी प्रतियोगिताअन्तर्गत खेलको पहिलो हाफमा दुवै टोलीबाट गोलरहित बराबरी रहेको थियो ।

खेल अवधिभर थ्री स्टार हिमालयन शेर्पामाथि हाबी बभएको थियो । प्रतियोगितमा थ्री स्टारका लकिन लिम्बू 'म्यान अफ दी म्याच' घोषित भए । आजको जितसँगै थ्री स्टारले शनिबारको विजेता सुदूरपश्चिम ११ सँग सेमिफाइनलको भेट पक्का गरेको छ । सुदूरपश्चिमले रुपन्देही ११ लाई शनिबार ३, १ को गोल अन्तरमा पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको थियो । सोमबारको खेल विभागीय टोली नेपाल सशस्त्र प्रहरी (एपिएफ) र फ्रेन्ड्स क्लबबीच दिउँसो साढे ३ बजे हुनेछ । दुई विभागीयसहित आठ टोली सहभागी प्रतियोगिताको विजेताले रु ११ लाख ११ हजार एक सय ११ नगद पुरस्कार पाउने सङ्घले जनाएको छ । गोल्डकपको उपविजेताले रु पाँच लाख ५५ हजार पाँच सय ५५ पुरस्कार प्राप्त गर्नेछ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



## अस्थिर....

भारतले भनेको योजना पुरा भएन भने नेपालमा जस्तो पनि उपद्रो हुदोरहेछ भन्ने दुष्टान्त पहिले देखिनै देखिदै आएको छ । हुदा हुदा नेपालका उद्योग, व्यापार, सदन, सरकार भारतीय लवीका मानिसहरु पुगिसकेका छन् । देशै डुब्न लाग्यो भनेर बिभिन्न व्यक्तिहरु चिन्ता समेत गर्न थालेका छन् ।

त्यसकारण देशमा व्यक्ति विशेषलाई स्थापित गराउन थुप्रै क्रान्ति भएका छन् । तर नेपाल देशको अस्तित्व रक्षा गर्न गनै पर्ने आन्दोलन भएको छैन । समयले देशको अस्तित्वको रक्षा गर्नको लागि वास्तविक आन्दोलन देशका जनताले गर्न पर्ने बेला आएको नेपालीहरुले बताउन थालेको छन् । त्यो आन्दोलन कस्तो हुन्छ । नेतृत्व कस्ले गर्छ कुन तरिकाले गर्छन् । त्यो हेर्न बाँकी छ ।

## प्रधानमन्त्री...

निर्णय सांसदहरूमा छोडेको पनि बताउनुभयो । उहाँले भन्नुभयो, 'त्यति बेला उहाँले तपाई वैशाखभन्दा उता जानुहुन्न भन्नु भएको छ । उहाँले भनेका वैशाखमा राष्ट्रपतिको बायाँपट्टि लबीमा तपाईं र म एकै ठाउँमा हुन्छौं भन्नुभएको छ । उहाँको भनाइलाई पुष्टि गर्ने कि नगर्ने भन्ने हामीहरू सबैको हातमा छ ।'

प्रधानमन्त्री प्रचण्डले एमाले अध्यक्ष ओलीलाई आफूले दुई पटक प्रधानमन्त्री बनाएकाले अझै एक पटक ओलीले आफूलाई प्रधानमन्त्रीमा सहयोग गर्नुपर्ने बताउनु भयो । उहाँले अझै एक प्रधानमन्त्री बनाएको ऋण तिर्न बाँकी रहेकाले त्यसको हिसाब राख्न ओलीलाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, 'ओलीजीलाई मैले आभार व्यक्त गरेको छु, तपाईंले मलाई प्रधानमन्त्री बनाउनुभयो भनेर । मैले तपाईंलाई दुई पटक प्रधानमन्त्री बनाएको थिएँ, तपाईंले मलाई ब्याज तिर्नुपर्ने थियो, ऋण तिर्नुपर्ने थियो । अझै एक पटक बाँकी छ । हिसाब राख्नु होला ।' प्रचण्डले आफूलाई प्रधानमन्त्री बनाइदिनुस् भनेर बालकोट नगएको बरु एमालेले बारम्बार बोलाएपछि बालकोट पुगेको स्पष्ट पार्नुभयो । उहाँले एजेन्डा नमिलेका कारण एमालेसँगको सहकार्य टुटाउनु परेको बताउनुभयो ।

## परिक्षा....

त्रुटि आए । ती त्रुटिहरुलाई एक, एक गरेर सच्याउँदा पनि हामीलाई धेरै समय लाग्यो । त्यसकारण पनि परीक्षा ढिलो भयो । अब भने तालिका बनाइसकेका कारण यस्तो ढिलो हुँदैन । अब विद्यार्थीको शैक्षिक क्यालेण्डर भर्ना हुँदैदेखि कहिलेदेखि सुरु हुने र कहिले सकिने भनेर पाउने परिपाटिको हामीले सुरुवात गरिसकेका छौं । अब परीक्षा भएको कति दिनभित्र कापी सङ्लन गर्ने, कति दिन भित्र पठाउने, कति दिनभित्र आइसक्नु पर्ने र नतिजा आइसक्नु पर्ने भन्ने तय गरेका छौं ।

हाम्रो संरचना ठूलो भएको हुनाले विश्वविद्यालयको संरचना ठूलो भएको हुनाले पुनःसंरचना नगरि तीन महिनाभन्दा कममा गर्न सक्दैनौं । त्यति समयमा नतिजा निकाल्ने र विश्वविद्यालयलाई प्रविधीमैत्री बनाउने सबैकुरा एउटा ठूलो प्रस्ताव आह्वान गरेर अन्तिम चरणमा पुगेको छ । शायद बैशाखदेखि त्यो मोडलमा जाँदा परीक्षाको नतिजामा ढिलो पनि हुँदैन । समयमा विद्यार्थीहरुले पढ्न पनि पाउँछन् । अझै पनि कतिपय कुरा हामीमा मात्र निर्भर हुँदैन । अदालतमा मुद्दा परेर चौध महिनापछि फैसला भयो । चौध महिनासम्म हामीले काम अगाडि बढाउन सकेनौं । सात महिनादेखि हामीले शिक्षक कर्मचारी नियुक्तिको काम अगाडि बढाउन सकेका छैनौं । अदालतको आदेश बमोजिम अझै नौ महिनासम्म सक्दैनौं । नौ महिनाको अवधिमा कानुन बनाएर लागू गर्न अदालतले भनेको छ । अब सरकारले कानुन बनाएन भने त्यो काम हामी गर्न सक्दैनौं ।

(त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. धर्मकान्त बास्कोटासँगको कुराकानीमा आधारित ।)

## आचारसंहिताको ......

गर्नुपर्ने बताउनुभयो । बैठकमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेल, काउन्सिलका सदस्यहरू दीपक पाण्डे, दुर्गा भण्डारी पौडेल, ठाकुर बेलवासे, लालबाबु शेख, बार एशोसिएशनका तर्फबाट प्रतिनिधि महासचिव अञ्जिता खनाल, काउन्सिलका मुख्य अधिकृत फविन्द्र भुसाल र उपप्रशासकीय अधिकृत एवं सहप्रवक्ता रामशरण बोहराको सहभागिता रहेको थियो ।

## राजनीति.....

अहिलेको अवस्थामा अर्थतन्त्र जोखिमतर्फ धकेलिनु अस्वाभाविक पनि होइन । समाजलाई पीडा दिने र समाजले दुत्कारेका डन, लुच्चा ठेकेदार, ठग मेनपावर व्यवसायी, भ्रष्ट कर्मचारी, माफिया र सरकारी उच्च ओहोदाधारी बीचको मिलेमितोले राष्ट्रिय अर्थतन्त्रको ठूलै दोहन भइरहेको छ । यस्तै मिलेमतोले देशको अर्थतन्त्र खोक्रिदै गएको हो । यसरी अवैध ढंगबाट आर्जन गरिएको सम्पत्तिलाई वैध बनाउनका निम्ति कानुन बनाउन वा भएको कानुनमा परिमार्जन गर्नसमेत हाम्रा नेता र सरकारका उच्च पदाधिकारीहरू लाजै नमानी अघि सर्छन् । यस्तै अवैध सम्पत्ति विदेशमा पनि पुर्याउँछन् र देशको अर्थतन्त्रलाई खोक्रो बनाउँछन् ।

ग्लोबल फाइनान्सियल इन्टेग्रिटीले प्रकाशित गरेको अलि पुरानो प्रतिवेदनअनुसार सन् २००४ देखि २०१३ को बीचमा नेपालबाट कुल ५ अर्ब ६७ करोड ४० लाख अमेरिकी डलर अवैध सम्पत्ति विदेश पलायन भएको थियो, जसअनुसार वार्षिक औसत ५६ करोड ७० लाख अमेरिकी डलर अवैध सम्पत्ति विदेश पलायन भएको देखिन्छ ।

यसरी अवैध धन(सम्पत्ति विदेश पलायन हुँदा देशको अर्थतन्त्र क्रमशः खोक्रिदै छ । अनि देशको अर्थतन्त्रचाहिँ विदेशी भूमिमा कार्यरत नेपाली कामदारले पठाएको रेमिटेन्सले धानिरहेको सरकार आफैं सगर्व घोषणा गर्छ । यद्यपि तिनै कामदारले भोग्नुपरेका समस्याप्रति भने सरकार बेखबरभैं छ र कामदारका पीडाप्रति सरकार संवेदनहीन छ । रेमिटेन्स आप्रवाहमा अलिकति मात्रै ह्रास आउँदा पनि अर्थतन्त्र संकटमा पर्ने चिन्ताले त्राहिमाम हुनुपर्ने अवस्था छ ।

देशको अर्थतन्त्र दिनप्रतिदिन संकटतर्फ उन्मुख छ । तर, सरकार र राजनीतिक नेतृत्व भने सत्ता र शक्तिकै पछि दौडिरहेका छन् । राजनीतिक सत्ता र शक्तिका लागि जे गर्न पनि तयार नेतृत्वका कारण देशका महत्वपूर्ण आर्थिक मुद्दाहरू सधैं ओझेलमा पर्ने गरेका छन् । अर्थतन्त्र जोखिममा पर्नुको एउटा मुख्य कारण पनि यही नै हो । अर्थतन्त्रमा देखिएको मन्दी र संकटको संकेत सरकार र राजनीतिक नेतृत्व गम्भीर नहुनुका परिणाम हुन् । अतः सरकार र राजनीतिक नेतृत्व गम्भीर नभएसम्म देशको अर्थतन्त्रमा विद्यमान जोखिम र संकट घट्ने अपेक्षा गर्न सकिन्न । कारोबार

# पत्रकारको न्यूनतम पारिश्रमिक बढाउन माग

काठमाडौं । नेपाल पत्रकार महासङ्घ काठमाडौं शाखाले श्रमजीवी पत्रकारको हाल कायम रहेको न्यूनतम पारिश्रमिक अत्यन्त न्यून भएको भन्दै दोब्बर बनाउन सरकारसँग माग गरेको छ ।

महासङ्घको दुई दिनसम्म बसेको बैठकपछि आज घोषणापत्र जारी गर्दै सञ्चारकर्मीलाई दैनिक जीवन निर्वाह गर्नसमेत असहज भएको भन्दै हाल पाइरहेको पारिश्रमिकलाई दोब्बर बनाउनुपर्ने माग गरेको हो । "साना तथा स्वरोजगारमूलक सञ्चारमाध्यमको अवस्था कमजोर हुँदै गएको अवस्थामा हाल प्रदान गरिँदै आएको लोककल्याणकारी विज्ञापनवापतको रकमलाई दोब्बर बनाउन महासङ्घ काठमाडौं शाखा यस घोषणपत्रमार्फत सरकारसँग विशेष माग गर्दछ", घोषणापत्रमा भनिएको छ ।

महासङ्घले अनलाइन सञ्चारमाध्यमलाई पनि लोककल्याणकारी विज्ञापन प्रदान गर्ने भनिए पनि कार्यविधि अभावका कारण हालसम्म कार्यान्वयन हुन नसकेको बताउँदै कार्यविधि बनाएर कार्यान्वयनमा ल्याउन अनुरोध पनि गरेको छ । बैठकले सरकारबाट साना तथा स्वरोजगारमूलक सञ्चारमाध्यमलाई प्रदान गरिँदै आएको सहुलियतपूर्ण ऋणलाई रू १० लाखबाट बढाएर रू २५ लाख बनाउनुपर्नेमा जोड दिएको छ । सरकारले पत्रकारका लागि लागू गरेको दुर्घटना बीमाको प्रक्रियालाई सरलीकरण गर्नुपर्ने र त्यसलाई बीमामा रुपान्तरण गर्नुपर्ने महासङ्घको भनाइ छ ।

# व्यवसाय सञ्चालनका लागि राजनीतिक स्थिरता आवश्यक : मुख्यमन्त्री जम्कट्टेल

मलेखु । बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले व्यवसाय सञ्चालनका लागि राजनीतिक स्थिरता आवश्यक रहेको बताउनुभएको छ । धादिङबेंसीमा आयोजित धादिङ उद्योग वाणिज्य सङ्घको २९औं वार्षिक साधारणसभा उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री जम्कट्टेलले भन्नुभयो, "समृद्ध नेपाल बनाउनका लागि उद्योगी व्यवसायीहरूको महत्वपूर्ण भूमिका हुन्छ । व्यवसायीहरूको भूमिका बलियो बनाउनका लागि राज्यले नीति निर्माण गर्न आवश्यक छ ।" उहाँले अर्थतन्त्र खस्कँदो अवस्थामा रहेको भन्दै सुधारका लागि ब्याजदर एकल विन्दुमा कायम गर्नुपर्ने बताउनुभयो । यसका लागि प्रदेश सरकार र केन्द्र सरकार लागेको उहाँको भनाइ छ । ब्याजदर एकल विन्दुमा झरेपछि अर्थतन्त्र क्रमिकरूपमा सुधार हुँदै जाने मुख्यमन्त्री जम्कट्टेलले विश्वास व्यक्त गर्नुभयो । "बैंकको ब्याज एकल अङ्कभन्दा माथि जाँदैन । भन्सारका समस्या पनि छिट्टै समाधान हुन्छ । व्यवसाय चलेन भने सरकार चल्दैन । व्यवसायीहरू अहिले समस्यामा छन्", उहाँले भन्नुभयो, "सरकार व्यवसायीको समस्या समाधान गर्ने उपाय खोजिरहेको छ ।" नेपाल उद्योग वाणिज्य महासङ्घ बागमती प्रदेश समितिका अध्यक्ष दिलसुन्दर श्रेष्ठले बागमती प्रदेश सरकारले उत्पादनको तथ्याङ्क निकालेर राज्यको आयस्रोत बढाउन नयाँ खाका बनाएर सरकार अघि बढ्नुपर्नेमा जोड दिनुभयो । उद्योग वाणिज्य महासङ्घ र बागमती सरकार मिलेर उत्पादन तथ्याङ्क आवश्यक रहेको उहाँको भनाइ छ । सांसद डिपी अर्यालले सरकार र निजी क्षेत्रबीच सहकार्य र समन्वयको कमजोरीले देशमा आर्थिक सङ्कट आइपरेको बताउनुभएको छ । पूर्व श्रममन्त्रीसमेत रहनुभएका सांसद अर्यालले भन्नुभयो, "म पनि लामो समय उद्योग व्यवसायबाटै राजनीतिमा प्रवेश गरेको हुँ । पत्रकारले अध्ययन गरेर लेखेको समाचारले ठूलो प्रभाव पार्छ । त्यसैले व्यवसायी र सञ्चार क्षेत्रबीचको सहकार्य जरुरी छ ।"सांसद रामनाथ अधिकारीले उद्योगी व्यवसायीको निम्ति राज्यले लिएको नीति परिपक्क नभएकाले समस्या आइपरेको बताउनुभयो । नीलकण्ठ नगरपालिकाका प्रमुख भीमप्रसाद ढुङ्गानाले भोट हाल्नकै लागि रातारात सदस्यता दिने र बनाउने प्रवृत्तिले धादिङ उद्योग वाणिज्य सङ्घ कमजोर बन्दै गरेको सङ्केत गर्नुभयो । नेपाली कांग्रेसका नेता एवं ट्रेकिङ एशोसिएसन अफ नेपाल (टान)का पूर्वअध्यक्ष रमेश धमलाले बैंकरहरू आफैं उद्योगपति बन्ने प्रवृत्ति बढेकाले उद्योगीहरू सङ्कटमा परेको बताउनुभयो । नीति र बोलीमा मात्रै परिवर्तन ल्याउने व्यवहारमा लागू नगर्ने प्रवृत्तिले मजदुर र उद्योगी व्यवसायी बलियो बन्न नसकेको उहाँले बताउनुभयो । "व्यवस्थित नीति बनाउन नसक्दा पनि उद्योगधन्दा फस्टाउन नसकेको हो", धमलाले भन्नुभयो, "बैंकबाट कर्जा लिएर, उद्योगमा लगानी गरेर,देशमै रोजगारी सिर्जना गराउने र नाफा कमाउने सपना व्यवसायीले बोकेको हुन्छ । तर बैंकहरूले बढाएको ब्याजदरकै कारण त्यो सम्भव छैन ।"

# नयाँ पुस्ता विषयक परिचर्चासहित कवि गोष्ठी

काठमाडौं । साहित्यसन्ध्याको चार सय ३८औं मासिक शृङ्खलामा 'प्रविधिको प्रयोगमा नयाँपुस्ता' विषयमा परिचर्चाका साथ कवि गोष्ठी गरी सम्पन्न भएको छ । प्रविधिको प्रयोगमा नयाँ पुस्ताबारे कार्यपत्र प्रस्तुत गर्दै साहित्यकार विधान आचार्यले प्रविधि युवालाई मात्र नभइ सबै पुस्तालाई आवश्यक छ र त्यसमा पनि प्रौढसम्म पुऱ्याउन झनै आवश्यक रहेको बताउनुभयो । कार्यक्रममा कविहरू डम्बर पहाडी, ओमप्रसाद कोइराला, कुमार नेपाल, रामचन्द्र दाहाल, विन्दु अधिकारी ढकाल, गायत्रीकुमार चापागाईं, मुकुन्द न्यौपाने, महेशराज खरेल, डा गोविन्दप्रसाद आचार्य, विधान आचार्य, खेमराज निरौला, डा खेमनाथ दाहाल, रूपक अलङ्कार, बैरागी जेठा, डा फणिन्द्रराज निरौला, प्रशान्त खरेल, प्रकाश सिलवाल, बङ्गाली कविहरू डा बनाइजा रहमान, डा मिजानुर रहमान कल्लोल र सुजन बरुवाले रचना वाचन गर्नुभएको थियो । वाचित रचनामाथि टिप्पणी गर्दै समालोचक प्रा डा रमेशप्रसाद भट्टराईले मुलुकको वर्तमानको युवा पलायनको पीडा कवितामा उजागर गर्दै स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्न नसक्दासम्म हाम्रा समाज वृद्धाश्रममा परिणत हुने क्रम नरोकिने चिन्ता जाहेर गरिएको बताउनुभयो । गोष्ठीका अध्यक्ष राम विनयले साहित्य सन्ध्या सदैव आफ्नो उद्देश्य प्राप्तिमा समर्पित हुने जनाउनु भयो ।

# कृषि विश्वविद्यालयका डिन दत्त निलम्बनमा

चितवन । कृषि तथा वन विश्वविद्यालयको कृषि सङ्कायका डिन जयप्रकाश दत्तलाई विश्वविद्यालयले निलम्बन गरेको छ । दत्तले जुम बैठक चलिरहँदा महिला कर्मचारीसित अनैतिक कार्य गरेको भिडियो सार्वजनिक भएपछि उनलाई निलम्बन गरिएको हो ।

गत मङ्गलबार भएको जुम बैठकमा एक जनाको प्रस्तुति भइरहँदा डिन कार्यालयको कार्यकक्षमा आफ्नै कुर्सीमा बसेर महिला कर्मचारीसँग अनैतिक कार्य गरेको भिडियो सार्वजनिक भएको थियो । त्यस्ता दुईवटा भिडियो सार्वजनिक भएपछि दत्तलाई निलम्बन गरेर छानबिन समिति गठन गरिएको विश्वविद्यालयले जनाएको छ । विश्वविद्यालयका उपकुलपति पुण्य रेग्मीले दत्तलाई निलम्बन गरेर तीन सदस्यीय छानबिन समिति बनाएको जानकारी दिनुभयो ।

विश्वविद्यालयका प्राध्यापक डा श्रवणकुमार साहको संयोजकत्वमा प्रा डा दुर्गा देवकोटा र प्रा नारायणराज जोशी सदस्य रहेको छानबिन समिति गठन गरिएको छ ।

पन्ध्र दिनभित्र प्रतिवेदन बुझाउने गरी समिति गठन गरिएको उहाँले बताउनुभयो । विश्व विद्यालयले डिन दत्तलाई निलम्बनको पत्र बुझाएको छ । डिन दत्तलाई तत्काल कारबाही गर्न चौतर्फी दबाव परेपछि निलम्बन गरिएको बताइएको छ ।

## अन्तराष्ट्रिय समाचार

### अफगानिस्तानमा छात्राहरुको उच्च शिक्षाका लागि विद्यालय खोल्न तालिबानसँग अभिभावकको आग्रह

अफगानिस्तानका अभिभावकले छात्राहरुको उच्च शिक्षाका लागि विद्यालय खोल्न तालिबानसँग आग्रह गरेका छन् । अफगानिस्तानमा गएको ५ सय ४४ दिनदेखि छात्राहरु पढ्ने विद्यालय बन्द छ । विद्यालय बन्द हुँदा उनीहरुमा नकारात्मक असर पर्न थालेको अभिभावकले बताएका छन् । कतिपयलाई मानसिक समस्यासमेत देखिन थालेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । अफगानिस्तानमा मार्च महिनादेखि नयाँ शैक्षिक सत्र सुरु हुन्छ । नयाँ शैक्षिक सत्रमा विद्यालय खोल्न अभिभावकले माग गरेका हुन् । कक्षा ६ भन्दा माथिको विद्यालय बन्द भएकाले खुलाउन आग्रह गरिएको हो । तालिबानले सत्ता सम्हाल्न थालेपछि छात्रालाई कक्षा ६ भन्दा माथिको अध्ययनमा प्रतिबन्ध लगाएको छ । गएको वर्षदेखि महिला तथा किशोरीलाई विश्वविद्यालय जान र गैरसरकारी संस्थामा काम गर्न समेत तालिबानले रोक लगाएको छ ।

यस्तै, महिलालाई जिम जान र पुरुषको साथविना घर बाहिर निस्कन समेत रोक लगाएको छ । सन् २०२१ को अगस्टमा तालिबानले सत्ता कब्जा गरेपछि महिला र बालिकामाथि ज्यादती बढेको भन्दै आलोचना भइरहेको छ ।

### बंगलादेशमा बस दुर्घटना, १९ जनाको मृत्यु

बङ्गलादेशको दक्षिणी जिल्ला शिवचरमा बस दुर्घटना हुँदा १९ जनाको ज्यान गएको छ । आज बिहान भएको दुर्घटनामा अन्य २५ जना घाइते भएका छन् । केही समयअघि मात्रै निर्माण गरिएको द्रुत मार्गमा यात्रुवाहक बस दुर्घटनामा परेको बीबीसी हिन्दीले जनाएको छ । तीव्र गतिमा रहेको बस सडकको रेलिङमा ठोकिएर खाडलमा खसेको बङ्गलादेशको प्रहरीले जनाएको छ । पुराना तथा नियमित मर्मत नगरिएका गाडी तथा खराब सडकका कारण बङ्गलादेशमा सडक दुर्घटना भइरहन्छन् । गएको वर्ष बङ्गलादेशमा सडक दुर्घटनामा परि नौ हजार नौ सय ५१ जनाको ज्यान गएको थियो ।

### इक्वेडरको दक्षिणी तटीय क्षेत्रमा शक्तिशाली भूकम्प : १२ जनाको ज्यान गएको पुष्टि

इक्वेडरमा शक्तिशाली भूकम्प जाँदा कम्तीमा १२ जनाको ज्यान गएको पुष्टि भएको छ । दक्षिणी तटीय क्षेत्रमा ६ दशमलव ७ रेक्टर स्केलको भूकम्प गएको हो । ११ जनाको एल ओरो र एक जनाको अजुए प्रान्तमा ज्यान गएको इक्वेडरका अधिकारीलाई उद्धृत गरी बीबीसीले जनाएको छ ।

मनाबी, मान्ता र राजधानी क्विटोलगायत अन्य धेरै सहरहरूमा पनि भूकम्पको धक्का महसुस भएको छ । भूकम्पपछि धेरै सहरमा भवनहरू क्षतिग्रस्त भएका छन् । दक्षिणी प्रान्त एल ओरो सबैभन्दा बढी प्रभावित भएको छ । मानिसहरू भत्किएका घरमा फसेका छन् ।

उद्धारको काम भइरहेको छ । भूकम्पको केन्द्रबिन्दु इक्वेडरको दोस्रो ठूलो सहर ग्वायाकिलबाट झण्डै ५० माइल बालाओ नजिक रहेको थियो । आपत्कालीन टोलीहरू प्रभावित क्षेत्रमा खटिएका छन् । सन् २०१६ यता इक्वेडरमा आएको यो सबैभन्दा शक्तिशाली भूकम्प हो ।

### फ्रान्समा संसद् भवन अगाडि विरोध प्रदर्शन गर्न रोक

फ्रान्सको संसद् भवन अगाडि विरोध प्रदर्शन गर्न रोक लगाइएको छ । राष्ट्रपति इम्यानुएल म्याक्रोँले संसदमा मतदान विना नै निवृत्तिभरण अर्थात् पेन्सन सुधारको घोषणा गरेपछि फ्रान्सले त्यसपछि हुनसक्ने विरोधलाई ध्यानमा राखेर संसद् अगाडि प्रदर्शन गर्न प्रतिबन्ध लगाएको हो । म्याक्रोँको सरकारले गएको बिहीवार कार्यकारी अधिकार प्रयोग गरी विवादास्पद विधेयक पारित गर्न आदेश जारी गरेपछि देशका अन्य भागमा शान्तिपूर्ण जुलुस निकालिएको छ ।

सडकमा विरोध प्रदर्शन बढ्दै गएको छ । संसदीय स्रोतका अनुसार विपक्षी सांसदले संसदमा छलफल हुने गरी सरकारविरुद्ध अविश्वासको दुई वटा प्रस्ताव दर्ता गराएका चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ । उनीहरूले मन्त्रिपरिषद्लाई अपदस्थ गर्न र सेवानिवृत्तिको उमेर ६२ बाट ६४ पुऱ्याउने कानुनलाई खारेज गर्न माग गरेका छन् ।

### अमेरिकी पूर्वराष्ट्रपति ट्रम्प दुई वर्षपछि फेसबुक र युट्युबमा फिर्ता

अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प दुई वर्षपछि फेसबुक र युट्युबमा फर्कनुभएको छ । अमेरिकी संसदमा हिंसा भड्काउन प्रेरित गरेको भन्दै फेसबुकले २०२१ को जनवरी ७ मा प्रतिबन्ध लगाएको थियो । सन् २०२१ को जनवरी ६ मा अमेरिकी संसद् भवन क्यापिटल हिलमा हुलदंगा हुनुभन्दा केहीसमयअघि ट्रम्पले फेसबुकमा स्टाटस पोष्ट गर्नुभएका ट्रम्पले त्यसपछि आज बिहान ११ सेकेण्डको एउटा भिडियो सहित 'आई एम ब्याक' भनेर पोस्ट गर्नुभएको छ ।

फेसबुकसँगै उहाँ युट्युबमा पनि फर्कनुभएको छ । भिडियोमा उहाँले २०१६ को चुनावी सफलतापछि यत्तिका समय पर्खाउनु परेकोमा क्षमा चाहन्छु, प्रक्रिया जटिल छ भन्नुभएको छ ।

फेसबुक र इन्स्टाको मातृ कम्पनी मेटाले यसअघि जनवरी ७ मै ट्रम्पमाथिको प्रतिबन्ध फुकुवा गरेको थियो । ट्रम्पमाथि ट्विटरमा पनि प्रतिबन्ध लागेकोमा एलन मस्कको स्वामित्वमा आएपछि ट्विटरले प्रतिबन्ध हटाएको छ । तर ट्रम्प अहिलेसम्म ट्विटरमा फर्कनुभएको छैन । फेसबुकमा उहाँका तीन करोड ४० लाख फलोअर छन् ।

ट्रम्प र ट्रम्प संलग्न राजनीतिक अभियानमा सन् २०१८ को मे देखि २०२३ को जनवरीसम्म विज्ञापनका लागि मेटालाई १५ करोड ९० लाख डलर तिरेको मेटालाई उद्धृत गर्दै बीबीसीले जनाएको छ । यति रकम संसारका अरु कुनै राजनीतिकर्मीले नतिरेका पनि मेटाले जनाएको छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५   गो.हु.का. द.नं. १/२०७७/०७८


# सस्तो भयो टोयोटा हाइलक्सको वेस भेरिएन्ट, वाँकी दुई भेरिएन्टको मूल्य वढ्यो

टोयोटाले भारतमा हाइलक्स पिकअपको मूल्य हेरफेर गरेको छ। कुल तीन भेरिएन्टमा उपलब्ध यसको वेस भेरिएन्ट एसटिडी एमटीको मूल्य ३ लाख ५९ हजार भारतीय रुपैयाँले लागी वन्द समेत गरेको थियो। पछि यसै वर्षको जनवरीदेखी यसलाई बिक्री गर्न थालिएको हो।

नेपाली बजारमा समेत निकै नै लोकप्रिय वनिरहेको हाइलक्समा २.८ जोन क्लाइमेट कन्ट्रोल, रियर एसी भेन्ट र क्रुज कन्ट्रोल लगायत फिचर उपलब्ध छ। मूल्य कम गरिएको यसको वेस भेरिएन्टमा एलइडी लाइटको सट्टा हेलोजन लाइट दिइएको छ भने




कम गरिएको छ भने वाँकी भेरिएन्ट हाई एमटी र हाई एटीमा क्रमश १ लाख ३५ हजार र १ लाख १० हजार भारु वढाइएको छ। भारतमै उत्पादन भएको यो प्रिमियम पिकअपको शुरुवाती मूल्य ३० लाख ४० हजार तोकिएको छ। टोयोटाले यो प्रिमियम पिकअपलाई भारतमा अघिल्लो वर्ष लन्च गरेको थियो। उच्च मागका कारण सप्लाई चेनमा समस्या आएपछि कम्पनीले यसको विक्री केही सयमका लिटरको डिजेल इन्जिन जडान गरिएको छ। जसको अधिकतम पावर २०४ पिएस र टर्क ५०० एनएम रहेको छ। यसमा ६ स्पिड म्यानुअल र टर्क कन्भर्टर अटोमेटिक ट्रान्समिसनको विकल्प दिइएको छ। यो पिकअपलाई पावर र इको मोडमा चलाउन सकिन्छ।

टोयोटा हाइलक्समा ८ इन्चको टचस्क्रिन इन्फोटेन्मेन्ट सिस्टम, ६ स्पिकर साउन्ड सिस्टम, ८ तवरबाट एड्जस्ट गर्न मिल्ने ड्राइभर सिट, डुअल म्यानुअल एसी, फेब्रिक सिट र म्यानुअल्लि एड्जस्टेवल ड्राइभर सिट पाउन सकिन्छ।

सेफ्टिका लागी भने अन्य भेरिएन्ट सरहनै ७ वटा एयर व्याग, इलेक्ट्रोनिक स्ट्याविलिटी कन्ट्रोल, हिल डिसेन्ट कन्ट्रोल, फ्रन्ट एण्ड रियर पार्किङ सेन्सर र रिभर्स क्यामेरा लगायत उपलब्ध गराइएको छ।

हाइलक्सले इसुजु भी-क्रससंग प्रतिस्पर्धा गरिरहेको छ।

# यस्तो छ होन्डा साइन १००, छिट्टै नेपाल आउने अनुमान

होन्डाले भारतीय बजारमा सार्वजनिक गरेको साइन १०० अहिले निकै चर्चामा रहेको छ। होन्डाको इन्ट्री लेवल कम्प्युटर वाइक साइन यसअघि १२५ सिसी इन्जिमा उपलब्ध रहँदै आएको थियो। १०० सिसी इन्जिनमा इथानोल मिश्रण गरेर समेत चलाउन सकिन्छ। होन्डाले यो नयाँ वाइकका लागी भनेर डायमन्ड-टाइप फ्रेम विकास गरेको थियो। सोही फ्रेममा तयार भएको साइन १०० को अगाडी टेस्किपिक र पछाडी ट्विन शक इन्स्ट्रयूमेन्ट क्लस्टर पाउन सकिन्छ। साथै यसमा होन्डाको कम्वी व्रेकिङ सिस्टम, फ्यूल इन्जेक्सन र अटो-चोक सिस्टम उपलब्ध छ। भारतमा आजबाट वुकिङ खुल्ला गरिएको यो नयाँ मोटरसाइकलको उत्पादन भने




आएपनि यसको लुक्स तथा डिजाइन भने १२५ सिसी सरहनै रहेको छ। यो नयाँ मोटरसाइकलमा होन्डाले ९९.७ सिसीको फ्यूल इन्जेक्टेड इन्जिन दिएको छ। जसको पावर ७.६१ एचपी र टर्क ८.०५ एनएम छ। ४ स्पिड गियरवक्स जडान गरिएको यो नयाँ वाइकमा होन्डाले ओविडी-टु र ई२० कम्प्लायन्ट नयाँ इन्जिन दिएको छ। जसका कारण यसलाई २० प्रतिशत एव्जर्वर पाउन सकिन्छ। यसको दुवै चक्कामा ड्रम व्रेक जडान गरिएको छ भन तौल १०० किलोग्राम भन्दा कम रहेको छ।

यो नयाँ वाइकको ग्राउन्ड क्लिरियन्स १६८ एमएम रहेको छ। कम वजेटको सानो सिसी वाइक भएका कारण होन्डाले यसमा पर्याप्त फिचर भने दिएको छैन। साइन १०० मा हेलोजन हेडलाइट र एनालग अर्को महिनादेखी मात्र शुरु हुने जनाइएको छ। मे महिनादेखी डेलिभरी शुरु हुने तयारी भएको साइन १०० त्यस लगत्तै नेपाली बजारमा समेत आउने आँकलन गरिएको छ। भारतमा यसको मूल्य ६४ हजार ९०० रुपैयाँ निर्धारण गरिएको छ। यो मोटरसाइकलले हिरो एचएफ १०० तथा स्प्लेन्डर प्लस र बजाज प्लाटिनासंग प्रतिस्पर्धा गर्नेछ।

# सेफ्टी, स्पेस र स्टाइलको संगम किया क्यारेन्स नेपालमा, मूल्य ५२ लाख ८० हजार

काठमाडौं। कोरियाली कार निर्माता कम्पनी कियाले आफ्नो नयाँ एमपीभी क्यारेन्स क्यारेन्स नेपाली बजारमा ल्याएको छ। कम्पनीले नेपालका लागि आफ्नो अधिकृत वितरक कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेजमार्फत नेपाली बजारमा क्यारेन्स लन्च गरेको हो।

कम्पनीले कियाको पछिल्लो संस्करण 'किया क्यारेन्स'लाई पूर्ण आधुनिक पारिवारिक कार भनेको छ। 'क्यारेन्स कार मात्र नभएर आफ्नो परिवारलाई सबैभन्दा माथि राख्ने व्यक्तिका लागि सवारीको उत्तम विकल्प हो', कम्पनीको विज्ञप्तिमा भनिएको छ, 'यो आधुनिक परिवारले आदर्श मान्न सक्ने कारको लागि आवश्यक पर्ने सेफ्टी, स्पेस र स्टाइलको रूपमा आएको छ।'

किया क्यारेन्स भारतको प्रतिष्ठित इन्डियन कार अफ द इयर (आईसीओटीवाई) २०२३ अवार्ड प्राप्त एमपीभी हो। हालै सम्पन्न भारतको सबैभन्दा महत्वपूर्ण गाडी पुरस्कार आईसीओटीवाईको १८औं संस्करणमा किया क्यारेन्सलाई उक्त अवार्ड प्रदान गरिएको हो।

गत जनवरीमा भारतमा ७ हजार ९०० थान क्यारेन्स बिक्री भएको छ। यसअघि सन् २०२२ को जुनमा ७ हजार ८९५ युनिट बिक्री भएको थियो। एक वर्षअघि बजारमा आएयता भारतमा ७० हजार ६५६ युनिट क्यारेन्स बिक्री भएको छ।

क्यारेन्सको सबैभन्दा उल्लेख्य विशेषतामध्ये एक यसका १० रोबुस्ट हाइ-सेफ्टी प्याकेज हुन् जुन सबै भेरिएन्टमा स्ट्यान्डर्ड रुपमा आउँछन्। यसमा ६ वटा एयरब्याग, इलेक्ट्रोनिक्स स्टाबिलिटी कन्ट्रोल, भेइकल स्टाबिलिटी म्यानेजमेन्ट, ब्रेक एसिस्ट, हिल स्टार्ट एसिस्ट कन्ट्रोल, डाउनहिल ब्रेक कन्ट्रोल, एन्टी लक ब्रेक सिस्टम, अल ह्विल डिस्क ब्रेक, हाइलाइन टायर प्रेसर मोनिटरिङ सिस्टम र रियर पार्किङ सेन्सर पर्छ।

यो दुईथरी पेट्रोल इन्जिनमा उपलब्ध छ, एउटा ११५ बीएचपी र १४४ एनएम टर्कयुक्त १.५ लिटर र अर्को १४० बीएचपी र २४२ एनएम




टर्कयुक्त १.४ लिटर। ६ स्पिड म्यानुअल भने १.५ लिटर पेट्रोलमा मात्र प्रदान गरिएको छ। १.४ लिटर टर्बो पेट्रोलमा ७ स्पिड डीसीटी अप्सन छ।

क्यारेन्स ११५ बीएचपी तथा २५० एनएम टर्कयुक्त १.५ लिटर टर्बो डिजेल इन्जिनमा पनि उपलब्ध छ। यसमा म्यानुअल र अटोमेटिक ट्रान्समिसन छ। लक्जरी प्लस ट्रिममा स्टेयरिङमा जडित प्याडल सिफ्टर पनि छ, जसले ७ स्पिड डीसीटी वा ६ स्पिड अटोमेटिकमा पुगेका बेला काम गर्छ।

क्यारेन्सका विशेषताहरुमा १९५ एमएम ग्राउन्ड क्लियरेन्स, १०.२५ इन्चको इन्फोटेनमेन्ट डिस्प्ले, डिजिटल इन्स्ट्रयुमेन्टेसन, सनरुफ, दोस्रो र तेस्रो रोका लागि हावाको स्पिड एडजस्ट गर्न मिल्ने छतमा जडित एयरकन भेन्ट्स, सिटपछाडि जडित ट्याब्लेट र स्मार्टफोन नोचयुक्त कपहोल्डर सहितको ट्रे टेबल, भेन्टिलेटेड फ्रन्ट सिटहरू, ६४ कलर एम्बियन्ट लाइटिङ, एयर प्युरिफायर, बोस अडियो सिस्टम, वान टच सेकेन्ड रो टम्बल आदि पर्छन्।

यसले कारमा आवश्यक पर्ने सबै स्पेस प्रदान गर्दछ। यो सात सिटर कन्फिगरेसन, ठूलो बुट स्पेस, २१६ लिटरको लगेज स्पेससहित आएको छ। तेस्रो रो फोल्ड गर्दा लगेज स्पेसलाई ६४५ लिटरसम्म बढाउन सकिन्छ।

० मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन्।
० यस्ता वस्तुको उपभोग नगरौं / नगराऔं।
० मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ।
० कानूनको पूर्णरुपमा पालना गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की(९८५१०८७१५६), सम्पादक : ईन्दिरा घमला, ,कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस